# परिच्छेद - एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सबैको नैसर्गिक अधिकार हो । शिक्षाले व्यक्तिको विकास गर्नुको साथै समतामूलक समाजको निर्माणमा सहयोगी भूमिका खेल्नु पर्दछ र न्यायिक हुनुपर्दछ । शिक्षा नीतिले लक्षित समूह र उद्देश्यलाई स्पष्ट पारिनु पर्दछ । तबमात्र पिछडिएका, दलित, महिला, जनजाति, असहाय, अशक्त आदिको संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ । यसो गर्न सके मात्र राज्यको मूल प्रवाहमा अन्य प्रतिस्पर्धी जस्तै बनाउन मद्दत पुग्दछ । शिक्षाको विकास र यसको पृष्ठभूमिलाई कोट्याउदा सर्वप्रथम U.S.A. बाट विकास भएको मानिन्छ । यो कार्यक्रम अमेरिकाका Head Start को नामले प्रचलित रहँदै आएको पाइन्छ । निश्चित रुपमा यो महत्वपूर्ण र सफल भएको कार्यक्रम हो । यसको विकास र विस्तारले निरन्तरता पाई आवश्यकता महसुस भएकोले शिक्षा संसार भरिनै फैलिरहेको छ । (कट्टेल, २०६२)

औपचारिक ढङ्गले विद्यालय शिक्षा प्रणालीको प्रारम्भ हुनुभन्दा पहिले देखि नै मूल्याङ्कनको प्रयोग हुने गरेको पाइन्छ । प्राचीन नेपालका शिक्षा लिने दिने तरिकाहरुमा पनि गुरुले वा आफ्नो घर परिवारका गन्यमान्य अभिभावकहरुले दिएको देखिन्छ । धर्म संस्कारका बारेमा धार्मिक ग्रन्थहरु घोकाउने, कण्ठाग्र पार्न लगाउने र कण्ठाग्र पार्‍यो पारेन भन्ने जाँच्न पुस्तक नहेरी वाचन गर्न लगाउने गरिन्थ्यो । यस प्रकारको शैक्षिक पद्धतिको प्रभावमा परेको पुस्ता अझै पनि नेपाली समाजको सबैभन्दा पाको पुस्ताका रुपमा रहेको हामीले पाउँछौं । उनीहरुले अहिले पनि त्यस्तै प्रकारको मूल्याङ्कन पद्धतिलाई सबल ठान्ने गरेका छन् । (शर्मा, २०५६)

“सामान्य अर्थमा भन्दा कुनै पनि विषयवस्तु वा चिज वस्तुको लेखा-जोखा, छानबिन वा जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ ।” विद्यालयको अध्ययन अध्यापनको क्रममा गरिने मूल्याङ्कन भनेर हामीले विद्यालयको दैनिक जीवनमा अपनाउनुपर्ने निरन्तरको अनिवार्य र स्वभाविक प्रक्रियालाई बुझ्दछौं । शिक्षाविद्

Tyler (१९६३) ले भनेका छन् : "Evalution is the process of determining to what extent the education objectives are actually being realized." को यो परिभाषाले शैक्षिक उद्देश्यहरुलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रियाका रुपमा मूल्याङ्कनलाई अर्थ्याएको पाइन्छ । (शर्मा, २०५६)

नेपालको आधुनिक शिक्षा प्रणालीमा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको एउटा अभिन्न अङ्गको रुपमा स्थापित गर्ने प्रयत्न भइरहेको देखिन्छ । यसबाट निर्धारित शैक्षिक उद्देश्यको प्राप्तिको लागि विद्यालयमा शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिन्छ र शिक्षण सिकाइ कार्यक्रमको परिणामस्वरुप प्राप्त उपलब्धिहरु निर्धारण गरिएका उद्देश्य अनुरुप छन् कि छैनन्, छन् भने कति मात्रामा छन् ? भनेर लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो – भन्ने आत्मसात् गर्न खोजेको देखिन्छ । यसरी गरिने मूल्याङ्कनबाट प्राप्त नतिजाले उद्देश्य पूरा गर्न नसकेको देखाएमा ती विद्यार्थीहरुको सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाई शिक्षण सिकाइ कार्यक्रमलाई अगाडि बढाउने र उद्देश्य प्राप्त भएको देखिएमा थप सिकाइका लागि विद्यार्थीलाई प्रोत्साहित गर्न सकिन्छ । (शर्मा, २०५६)

प्राथमिक शिक्षा पाठ्यक्रम - २०४९ ले शिक्षण सिकाइ प्रक्रियालाई सवलीकृत गर्नका निमित्त विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने कुरामा जोड दिएको छ । यस्तो मूल्याङ्कनलाई कसरी व्यवस्थित गर्ने भन्ने सन्दर्भमा प्राथमिक शिक्षा पाठ्यक्रम (२०४९) ले - "प्राथमिक तहमा औपचारिक एवम् अनौपचारिक मूल्याङ्कन शिक्षक, अभिभावक र विद्यालय प्रशासनमा बढी भन्दा बढी आदान प्रदान गरिने" नीति निर्धारण गरेको भएपनि विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्ने प्रक्रिया, व्यवस्थापन, साधन, प्रश्न बनाउने शैली, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्ने सन्दर्भमा विद्यालयहरुको बीचमा प्रश्न बनाउने शैली, अङ्कन गर्ने प्रक्रिया, व्यवस्थापन, साधन, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्ने सन्दर्भमा विद्यालयहरुको बीचमा एकरुपता छैन । (प्राथमिक शिक्षा पाठ्यक्रम कार्यान्वयन, २०४९)

राष्ट्रिय शिक्षा आयोग (२०४९) ले "प्राथमिक कक्षाका बालबालिकाको मूल्याङ्कन गर्नका लागि "निरन्तर मूल्याङ्कन" को परिपाटी बसाल्नु पर्नेमा जोड दिँदै गृहकार्य, मौखिक कार्य र अतिरिक्त क्रियाकलापका साथै पाठको अन्त्यमा लिइने परीक्षाहरुलाई अभिलेखित गरेर निरन्तर मूल्याङ्कनलाई व्यवस्थित गर्नु पर्नेमा विशेष जोड दिएको छ । कक्षा १-३ मा (शिक्षा नियमावलीको सातौँ संशोधनले अगाडि सारेको) उदार कक्षोन्नति अपनाइएको भए पनि ४ र ५ मा प्रयोगात्मक र लिखित परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्न उपयुक्त हुने सुझाव दिएको देखिन्छ । (रा.शि.आ., २०४९)

नेपाल सरकारवाट नियमित रुपमा अनुदान वा स्वीकृत प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ । हामी जसलाई साधारण बोलीचालीको भाषामा सरकारी विद्यालयको नामले चिन्दछौं । जसमा सम्पूर्ण सेवा सुविधा नेपाल सरकारले प्रदान गर्दछ । त्यस्तै नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरी स्वीकृति वा अनुमति पाएर सञ्चालित भएको विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । जसलाई साधारण बोलीचालीको भाषामा निजी विद्यालय भनी चिनिन्छ । नेपाल सरकारले यस्ता विद्यालय सञ्चालन गर्नको लागि अनुदान नदिएको कारण विद्यालय सञ्चालनको लागि धेरै वा एक व्यक्तिको सहयोगबाट विद्यालयले आवश्यक रकम प्राप्त गर्दछ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्न आउने सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले ती विद्यालयहरु सञ्चालन गरिएको हुन्छ । (शिक्षा ऐन, २०२८)

हामीकहाँ एकातिर परीक्षा र मूल्याङ्कनलाई पर्यायवाचीका रुपमा बुझ्ने समस्या व्याप्त छ भने अर्कोतिर सामुदायिक प्राथमिक विद्यालयका शिक्षकहरुले प्रायः जसो विद्यार्थी मूल्याङ्कन गर्नु भनेको परीक्षा लिनु हो र त्यसको नतिजाको प्रयोग गर्नु भनेको उत्तीर्ण या अनुत्तीर्ण निर्धारण गरेर प्रमाणपत्र दिनु हो भन्ने ढङ्गले काम गरेको पाइन्छ । त्यसैले कैयन सामुदयिक विद्यालयका शिक्षकहरुले वार्षिक परीक्षालाई मात्रै महत्व दिने गरेकोले प्रभावकारी विद्यार्थी मूल्याङ्कन हुन नसकेको देखिन्छ (ज.व.रा. तथा अन्य, २०५८) ।

जहाँसम्म संस्थागत विद्यालयको कुरा छ उनीहरुले विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने गरेकोले त्यस्ता विद्यालयको शैक्षिक उपलब्धी र गुणस्तर पनि राम्रो भएको बताएर महङ्गो शुल्कका बावजुद आफ्ना बालबालिकालाई संस्थागत विद्यालयमा पढाउन अभिभावकहरु आकर्षित भएको देखिन्छ । यद्यपि यी दुई प्रकारका विद्यालयहरुमा के-कस्ता मूल्याङ्कनगत समानता, असमानता र समस्याहरु छन् ? यसमा विद्यालय व्यवस्थापकको भूमिका के-कस्तो रहेको छ ? भन्ने लगायतका विषयमा प्रामाणिक खोज अनुसन्धान समेत भएको देखिँदैन । अतः विद्यालय प्रशासनलाई सही ढङ्गले सञ्चालन गरी मूल्याङ्कनगत समस्याहरुको उचित व्यवस्थापन गर्न सकिएन भने अपेक्षित शैक्षिक उद्देश्य हासिल नहुने स्पष्टै छ । यो यथार्थलाई आत्मसात् गरेर मूल्याङ्कन गर्ने प्रक्रिया व्यवस्थापन, साधन, प्रश्न बनाउने शैली, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्ने तरिका समेतमा दुई प्रकारका विद्यालयहरुको स्थितिलाई प्रष्ट्याउने अभिप्रायका साथ यो सन्दर्भलाई उठाइएको छ । (सिह, २०५४)

“विद्यार्थीको सिकाइ मूल्याङ्कन शैक्षिक प्रक्रियाको अभिन्न अङ्ग हो भने विद्यालय मूल्याङ्कनको मुख्य आधार हो । विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा शिक्षक तथा विद्यालयको समेत मूल्याङ्कन गर्न सकिन्छ, विद्यार्थी मूल्याङ्कनले विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न ठूलो मद्दत गर्दछ भने यसले विद्यालयलाई दिशाबोध पनि गराउने” नेपाली शैक्षिक प्रशासनको विषेश जोड रहेको छ । शैक्षिक व्यवस्थापनको दृष्टिले यसबाट के स्पष्ट हुन्छ भने क्रियाकलापको स्वभाव र अवस्था अनुसार मूल्याङ्कनका फरक फरक तरिकाहरु अपनाएर पूर्व निर्धारित गर्नुपर्दछ र त्यस्तो मूल्याङ्कङ्कनले विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नुको साथै प्राप्त नतिजाको आधारमा शिक्षक तथा विद्यालयको समेत मूल्याङ्कन गर्न सक्नुपर्दछ । (शिक्षा विभाग, २०५६)

मूल्याङ्कनको परिभाषा, प्रयोग र प्रयोजनका सन्दर्भमा सिद्धान्ततः दुवै प्रकारका विद्यालय र शिक्षकहरुको बीचमा मतऐक्यता हुँदाहुँदै पनि मूल्याङ्कनले अभिव्यक्त गरेको परिणाम माथि विचार गर्दा समस्या, नीति र सिद्धान्तको

व्यवस्थापन, सञ्चालन वा कार्यान्वयनमा रहेको हुनसक्छ । यस कुरालाई केन्द्रमा राखेर नै अध्ययन गर्नुपर्ने आवश्यकता महसुस भएको छ । (बर्मा, १९७६)

शिक्षाको आधार मानिने प्राथमिक तहबाटै विद्यार्थीलाई सिकाइप्रति निपूर्ण बनाउँदै लैजाने क्रममा मूल्याङ्कन सम्बन्धी दृष्टिकोण, उद्देश्य, समग्र प्रक्रिया, प्रयोग र व्यवस्थापनका क्षेत्रमा संस्थागत तथा सामुदायिक विद्यालयका बीच किन भिन्नताहरु देखिए, ती कस्तो प्रकारका छन्, त्यो कसरी हुन गयो भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ । प्राथमिक तहको शिक्षण सिकाइ प्रक्रियामा कमजोरीहरु व्याप्त भए, मूल्याङ्कन प्रणाली राम्रो भएन र मूल्याङ्कनबाट प्राप्त नतिजाको सही ढङ्गले प्रयोग गर्न सकिएन भने सम्पूर्ण विद्यार्थीको भविष्य र विद्यालयको शैक्षिक उपलब्धिमा अझै नकारात्मक असर पर्न सक्ने सम्भावनालाई मनन् गरी प्राथमिक तहको अन्तिम कक्षा - ५ मा आधारित सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन विषयलाई अध्ययनको विषयका रुपमा छनोट गरी यो अध्ययनलाई अगाडि बढाइएको छ । ( खनाल, २०६०)

### १.१.१ अध्ययन क्षेत्रको परिचय

नेपाल १४ अञ्चल र ७५ जिल्लामा विभाजित छ । ५ विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्र भित्र पर्ने र राजधानीबाट नजिकै रहेको जिल्ला काभ्रेपलाञ्चोक जिल्ला हो । नेपालका विभिन्न प्राकृतिक रमणीय एवम् पर्यटकीय स्थलको रुपमा सुपरिचित धुलिखेल यस जिल्लाको सदरमुकाम हो । काठमाडौं शहरदेखि ४३ कि.मि. पूर्वको दूरीमा अवस्थित छ । यस जिल्लामा ८७ गा.वि.स. ३ नगरपालिका ४ संसदीय निर्वाचन क्षेत्रको राजनीतिक विभाजन रहेको यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा, पश्चिममा काठमाडौं ललितपुर तथा भक्तपुर जिल्ला पर्दछन् भने उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली तथा मकवानपुर जिल्लाहरु रहेका छन् ।

भौगोलिक रुपवाट हेर्दा ८५$^{\circ}$२४" देखि ८५$^{\circ}$४९" पूर्व देशान्तर सम्म र २७$^{\circ}$२०" देखि २७$^{\circ}$८५" उत्तर अक्षांशसम्म फैलिएको यस जिल्लाको क्षेत्रफल

१३९६ वर्ग किमी कायम भएको पाइन्छ । समुन्द्री सतहबाट ३०१८ मिटरसम्म उचाइ रहेको यस जिल्लाको करिब ८०% भाग पहाडी भू-धरातलले ढाकिएको छ । (शैक्षिक दर्पण, २०६७)

## १.२ अध्ययनको महत्व

नीति, योजना र विभिन्न स्तरमा भएका सम्मेलनहरुले प्राथमिक तहको शिक्षालाई अत्यन्त महत्व दिएर त्यसलाई प्रभाकारी पार्नको लागि कैयन कार्यक्रमहरुको घोषणा गरेको छ । तर, त्यसको कार्यान्वयन प्रक्रिया एकातिर अपेक्षा गरिएको स्तरभन्दा ज्यादै न्यून रहेको छ भने अर्कोतिर सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन (व्यवस्थापन, साधन, प्रश्न बनाउने शैली, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्ने) प्रक्रियाका बीचमा ठूलो र गहिरो अन्तर देखा परेको छ । यस्तो परिस्थितिले शैक्षिक उपलब्धिमा ठूलो असर पारेको छ भन्ने अभिमतका साथ यो देशव्यापी बहसको विषय बनिरहेकोले सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कनगत समानता र भिन्नताको अध्ययन गरी त्यसको वास्तविकता पत्ता लगाउनु अत्यावश्यक महत्व लागेकाले यस विषय माथि अध्ययन गरिएको छ ।

यस क्रममा सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन प्रक्रिया बीचको अन्तरलाई अध्ययन गरी ती विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रियामा रहेका सबल र दुर्बल पक्ष औंल्याउनु आवश्यक रहेको छ । शिक्षण-सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन मूल्याङ्कन प्रक्रियाको महत्वपूर्ण भूमिका रहने हुनाले मूल्याङ्कन प्रक्रियालाई सिकाइमुखि बनाउनको लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ र त्यसलाई कार्यान्वयन गर्न शिक्षक विद्यार्थी तथा सम्बन्धित निकायको के-कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने विषयमा आवश्यक सुझावहरु समेत प्रस्तुत गर्न आवश्यक रहेकाले सीमित परिधिमा रहेर गरिएको भए पनि यो अध्ययन सान्दर्भिक र औचित्यपूर्ण रहेको छ ।

सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन प्रक्रिया (मुख्यत : व्यवस्थापन, साधन, प्रश्न बनाउने शैली, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्ने पद्धति लगायत) का बीचमा रहेको अन्तर स्पष्टरुपमा पहिचान गरेर

मात्र ती विद्यालयमा विद्यमान मूल्याङ्कनगत समस्यालाई समाधान गर्न सकिने भएकाले यस अध्ययनले त्यो अवस्था बीचको अन्तर स्पष्ट पार्न सहयोग गर्दछ । सामुदायिक र संस्थागत विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रियाका समग्र अवस्थाहरुको बारेमा अध्ययन गरिने भएकाले ती विद्यालयहरुमा विद्यमान रहेको मूल्याङ्कन प्रक्रिया र त्यसमा अन्तरनिहित सबल र दुर्बल पक्षहरु छुट्याउन मद्दत पुगेको छ ।

समग्र शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र उपलब्धिमूलक बनाउने एउटा महत्वपूर्ण साधन मूल्याङ्कन भएकाले दुवै प्रकारका विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रियाको बारेमा यस अध्ययनवाट विद्यालयको समग्र शैक्षणिक क्रियाकलापलाई सिकाइमुखी बनाउनको लागि गर्न सकिने प्रयत्न र उपायहरुको खोजी गर्न सहयोग मिल्ने आशा गरिएको छ ।

- यस अध्ययनले सामुदायिक तथा सस्थागत विद्यालयमा शैक्षिक मूल्याङ्कन गर्न शिक्षक-शिक्षिकाहरुलाई सहयोग पुऱ्याउँदछ ।
- यस अध्ययनले विद्यालयको शैक्षिक मूल्याङ्कनको स्थिति बुझ्न चाहने अन्य ब्यक्तिहरुलाई सहयोग पुऱ्याउँदछ ।
- यस अध्ययनले नेपाल सरकार तथा शिक्षासँग सम्बन्धित सरोकार राख्ने संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँदछ ।
- यस अध्ययनले विद्यार्थी वर्गको वास्तविक मूल्याङ्कनको स्थिति बुझ्न चाहने अभिभावक वर्गलाई सहयोग पुऱ्याउँदछ ।
- यस अध्ययनले शैक्षिक मूल्याङ्कनको वारेमा गहन अध्ययन गर्न चाहने ब्यक्ति वा सस्थालाई द्धितीय तथ्याङ्कको स्रोतको रुपमा सहयोग पुऱ्याउन सक्दछ ।

## १.३ समस्याको कथन

नेपालमा प्राथमिक तहको मूल्याङ्कनलाई प्रभावकारी पार्नको लागि नीतिगत रुपमा थुप्रै व्यवस्थाहरुलाई अगाडि सार्ने गरिएको भए तापनि त्यसलाई प्रभावकारी रुपमा व्यवहारमा लागू गर्ने गरेको पाईदैन । प्राथमिक तहमा अध्ययन गर्ने कलिला विद्यार्थीहरुको मूल्याङ्कन गर्ने जिम्मेवारी विद्यालयका शिक्षक र प्रधानाध्यापकको हुन्छ । राम्रो व्यवस्थापन, उचित र स्तरीय भौगोलिक पूर्वाधार, तालिम प्राप्त र अनुभवी शिक्षकहरुको व्यवस्थापन गरिएको दावीका साथ महङ्गो शुल्क लिएर अध्यापन गर्दै आएका निजी विद्यालयको मूल्याङ्कन प्रणाली र त्यसको प्रयोगमा पनि गम्भीर समस्या र विसङ्गतिहरु रहेको पाइन्छ । तसर्थ जुन समुदायमा विकसित भएको धारणा तथा विभिन्न अध्ययनहरुले देखाएको सरकारी स्रोतवाट सञ्चालित सामुदायिक प्राथमिक विद्यालय र निजी क्षेत्रबाट सञ्चालित संस्थागत प्राथमिक विद्यालयको मूल्याङ्कनको अवस्थालाई आधार बनाएर समस्यालाई लिइएको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने साधन र स्रोतको अभाव मात्र नभएर अध्यापनरत शिक्षकहरुमा शिक्षण सिकाइका क्रममा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको आधारभूत र अभिन्न अङ्गको रुपमा लिने गरेको पाइँदैन । त्यसैगरी सामुदायिक विद्यालयहरुले मूल्याङ्कनको लागि प्रश्नपत्र निर्माण गर्दै पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य र सीमालाई ध्यान नदिई आफ्नै तरिकाबाट प्रश्नपत्रको निर्माण गर्ने गरेको देखिन्छ । विद्यार्थीले पाएको अङ्कले उसको उपलब्धिलाई ठीक तरिकाले अभिव्यक्त गर्न नसक्ने स्थिति विद्यार्थीको उपलब्धि वा नतिजालाई औपचारिकतामा मात्र सीमित गरिरहेको हुनाले शिक्षण सिकाइको क्रममा विद्यार्थीलाई उचित पृष्ठपोषण प्रदान गर्न नसकी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन नसकेको वास्तविकता देखिन्छ । त्यस्तैगरी सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनलाई परीक्षाको पर्याय र नतिजालाई कक्षोन्नतिको आधार मात्र मानिएको हुनाले पनि वर्षको अन्त्यमा विद्यार्थीहरुलाई कक्षोन्नति गर्ने आधारको रुपमा मात्र मूल्याङ्कनलाई हेर्ने गरेको पाइन्छ । त्यसै कारणले गर्दा नियमित मूल्याङ्कन गर्ने परिपाटीलाई उपयोग गर्दै सामुदायिक विद्यालयले मुख्यतः कक्षाकार्य, त्रैमासिक परीक्षा र वार्षिक परीक्षालाई नै मूल्याङ्कनको साधनको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ ।

संस्थागत विद्यालयमा विद्यार्थीको मूल्याङ्कन निरन्तर रुपमा गर्नुपर्छ र त्यसलाई व्यवस्थित प्रकारले अभिलेखत गर्नुपर्दछ भन्ने मान्यता प्रबल रुपमा रहेको भए पनि यस अध्ययनको क्रममा प्रयोग गरिएको सैद्धान्तिक खाकाले सिफारिस गरेका आधारहरुलाई अवलम्बन गरेको पाइँदैन । विद्यार्थी मूल्याङ्कनका लागि विभिन्न प्रश्नपत्रको निर्माण र प्रयोग भइरहेको भए पनि त्यस्ता प्रश्नपत्रहरु निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य र सीमालाई ध्यान दिइएको देखिँदैन । संस्थागत विद्यालयमा प्रश्नहरु निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग नगर्ने र विद्यार्थीले प्राप्त गरेको नतिजालाई औपचारिकतामा मात्रै सीमित गर्ने गरिएको हुनाले मूल्याङ्कनमा प्रयोग गरिएको साधनहरुले समेत प्रभावकारी परिणाम ल्याउन सकेको देखिँदैन । संस्थागत विद्यालयमा विद्यार्थी मूल्याङ्कनको जे जस्तो नतिजा प्राप्त हुन्छ, त्यसलाई विश्लेषण गरेर उपचारात्मक पद्धतिलाई व्यवस्थित प्रकारले प्रयोग गर्ने कार्य नगरिएको अवस्था देखिन्छ । समग्रतामा संस्थागत विद्यालयले मुख्यतः गृहकार्य, मासिक परीक्षा (लिखित), त्रैमासिक परीक्षा (लिखित), अवलोकन, दैनिकी, संचित अभिलेख र वार्षिक परीक्षा (लिखित) लाई मूल्याङ्कनका साधनको रुपमा प्रयोगमा ल्याएको भए पनि उद्देश्य अनुरुप प्रयोग भने नगरेको पाइन्छ ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अपनाइएको मूल्याङ्कन प्रक्रिया, साधन र समस्याहरुका बारेमा सङ्क्षेपमा यहाँ जे जति उल्लेख गरिएको छ त्यसको आधारमा सामुदायिक र संस्थागत विद्यालयले अपनाउने मूल्याङ्कन प्रणाली नै फरक फरक छन् भन्ने निष्कर्ष निकाल्न सकिँदैन । यी दुईका बीचमा उल्लेखित विषयमा पनि कैयन समानता देखिएको छ र उनीहरुले मौलिक रुपमा नै फरक प्रकारमा मूल्याङ्कन प्रक्रियालाई प्रयोगमा ल्याएको मान्न सकिने आधार छैन । तसर्थ विद्यालयहरुमा रहेको मूल्याङ्कनगत समानता र भिन्नताको पहिचान गर्न त्यसको कारण पत्ता लगाएर अध्ययनको समस्याको पहिचान स्पष्टरुपमा हुनु जरुरी देखिन्छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयले मूल्याङ्कनका साधनहरुको निर्माण, प्रयोग र उपलब्धिलाई व्यवस्थित गर्न अपनाएको मूल्याङ्कन प्रक्रियाको अध्ययन गरी ती दुई प्रकारका विद्यालयको बीचमा रहेका समानता र भिन्नताको पहिचान गर्नु र त्यसलाई उपलब्धिमूलक बनाउन कस्तो प्रयत्न गर्न सकिएला भनी सुझाउनुलाई अध्ययको समस्याको रुपमा लिइएको छ ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन प्रक्रिया पत्ता लगाउँदै त्यसको व्यवस्थापन, साधन प्रश्न बनाउने शैली, तिनीहरुको साधनलाई अपनाउने तरिकाको बारेमा वास्तविकता पत्ता लगाउन यो अनुसन्धान गर्न खोजिएको छ । सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कनको समग्र अवस्थाको बारेमा केन्द्रित भई दुई प्रकारका विद्यालयहरुले गर्ने मूल्याङ्कन प्रणालीसँग सम्बन्धित अनुसन्धानात्मक प्रश्नहरु निम्न लिखित रहेका छन् ।

(क) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको सम्पूर्ण विषयहरुमा निर्माणात्मक मूल्याङ्कनको प्रयोग गरिएको छ वा छैन ?

(ख) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा सम्पूर्ण विषयहरुको निरन्तर मूल्याङ्कनको अवस्था कस्तो छ ?

(ग) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा सबै विषयहरुको आवधिक मूल्याङ्कन प्रकृया छ वा छैन ?

(घ) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा सबै विषयहरुको अन्तिम/निर्णयात्मक मूल्याङ्कन प्रकृया कस्तो रहेको छ ?

(ङ) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा नतिजा वितरण प्रकृया कस्तो रहेको छ ?

(च) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कनलाई कसरी अभिलेखको रुपमा राखिने गरिएको छ ?

(छ) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन गर्नको लागि वार्षिक कार्य तालिकाको निर्माण गरिएको छ वा छैन ?

(ज) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कनको तयारी अवस्था कस्तो रहेको छ ?

(झ) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रकृयामा देखिएका समस्याहरु के-कस्ता रहेका छन ?

(ञ) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रकृयामा सुधार गर्नुपर्ने उपायहरु के-कस्ता रहेका छन् ?

## १.५ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(१) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको निरन्तर मूल्याङ्कन प्रकृयामा रहेका समानता र भिन्नता पत्ता लगाउनु ।

(२) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको आवधिक परीक्षामा रहेका समानता र भिन्नता पहिचान गर्नु ।

(३) सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको अन्तिम मूल्याङ्कनमा रहेका समानता र भिन्नता प्रष्ट पार्नु ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको सीमाङ्कन गरिनु अति आवश्यक हुन आउँछ । निश्चित र निर्धारित सीमा भित्र रही गरिएको अध्ययन-अनुसन्धान सटिक व्यावहारिक र रुचिकर हुने गर्दछ । जसले गर्दा निर्धारित उद्देश्य अनुसारका उपलब्धिहरु हासिल गर्न सजिलो हुन्छ । तसर्थ विद्यालयको प्रत्यक्ष क्रियाकलापसँग सम्बन्धित विषयवस्तुमा रहेर अध्ययनकर्तासँग भएको सीमित स्रोत तथा साधनको उपयोग गरी अध्ययनको परिधिलाई सीमा नियन्त्रण गरिएको छ । आगामी दिनमा उक्त क्षेत्रको निश्चित सीमामा रही अध्ययन गर्दा निर्धारित उद्देश्य पूरा गर्न सहयोग पुग्छ । अध्ययनका सीमाहरु निम्न लिखित छन् :

- यो अध्ययन काभ्रेपलाञ्चोक जिल्ला भित्र रहेको सामुदायिक विद्यालय तर्फ आजाद उ.मा.वि. स्रोत केन्द्रवाट सञ्चालित १ वटा विद्यालयमा सीमित गरिएको थियो ।
- संस्थागत विद्यालय तर्फ पी भिसोद्वारा सञ्चालित १ वटा विद्यालय सीमित गरिएको थियो ।
- छनौटमा परेका प्राथमिक विद्यालयको कक्षा ५ को सवै विषयहरुमा सीमित गरिएको थियो ।
- छनौटमा परेको सामुदायिक १ वटा विद्यालय र संस्थागत १ वटा विद्यालयबाट २ जना वि.व्य.स. अध्यक्ष, २ जना प्र.अ. र सम्पूर्ण विषय शिक्षकहरुमा सीमित गरिएको थियो ।
- छनौटमा परेको सामुदायिक विद्यालयको कक्षा ५ वाट ७ जना र अर्को संस्थागत विद्यालयको कक्षा ५ वाट ७ जना गरी २ वटा विद्यालयहरुवाट जम्मा १४ जना विद्यार्थीहरुमा यो अध्ययन सीमित गरिएको थियो ।

## १.७ शब्दावलीको परिभाषा

| | | |
|---|---|---|
| प्राथमिक परीक्षा | - | प्राथमिक तहको अन्त्यमा लिइने परीक्षा |
| पाठ्यपुस्तक | - | पाठ्यक्रम विकास केन्द्रले तोकेको पुस्तकहरु |
| शिक्षक | - | प्राथमिक विद्यालयमा शिक्षण गर्ने व्यक्ति |
| समस्या | - | प्राथमिक विद्यालयका शिक्षकका शैक्षिक समस्या |
| शिक्षण विधि | - | ज्ञान, सीप तथा धारणा सहज तरिकाले प्रदान गर्ने तरिका |
| शैक्षिक सामग्री | - | शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने सामग्रीहरु |
| तालिम | - | प्राथमिक विद्यालयको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकका लागि तयार गरिएको शैक्षिक कार्यक्रम |

| | | |
|---|---|---|
| PVISO | - | Panchkhal Village Institutional School Organization |
| विद्यार्थी मूल्याङ्कन | - | विद्यार्थीको स्तर निर्धारण गर्न अपनाइएको प्रकृया |
| निरन्तर मूल्याङ्कन | - | निरन्तर रुपमा विद्यार्थीहकरुको तथा समग्र शैक्षिक कार्यक्रमको कमीकमजोरी पत्तालगाई सुधार गर्न गरिने मूल्याङ्कन |
| आवधिक मूल्याङ्कन | - | विद्यार्थीहरुको स्तर निर्धारण गर्न निश्चित समयको अन्तरालमा गरिने  मूल्याङ्कन |
| अन्तिम मूल्याङ्कन | - | विद्यार्थीको स्तर निर्धारण गरी प्रमाणपत्र प्रदान गर्न शैक्षिक सत्रको अन्तमा गरिने मूल्याङ्कन |

# परिच्छेद - दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकन गर्नु भनेको अध्ययन अनुसन्धानलाई प्रभावकारी, वैज्ञानिक, यथार्थपरक र व्यावहारिक बनाउनु हो । अनुसन्धान नयाँ फरक प्रकारको होस् भन्नाको  खातिर साहित्यको पुनरावलोकन गरिन्छ । यस्तै गरी अनुसन्धानाका विधिलाई सुधार गर्न समस्यालाई स्पष्ट पार्ने, अनुसन्धानकर्ताका सम्बन्धित विषयको ज्ञानको क्षेत्र विस्तार गर्नको  लागि समेत साहित्यको पुनरावलोकनले मद्दत गर्दछ ।

यस अध्ययनमा मूल्याङ्कनसँग सम्बन्धित विभिन्न विचारहरुको सैद्धान्तिक अध्ययन गरिएको छ । विभिन्न शिक्षाविद्हरुले मूल्याङ्कनका सम्बन्धमा अगाडि सारेका महत्वपूर्ण सिद्धान्त र मोडहरुलाई हाम्रो देशको सन्दर्भमा कसरी अपनाइएको छ र अपनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहने कोसिस गरिएको छ । अध्ययनको सैद्धान्तिक र सम्बन्धित साहित्यको पुनरावलोकनलाई विभिन्न तहमा विभाजन गरेर प्रस्तुत गरिएको छ । सर्वप्रथम अध्ययनको सैद्धान्तिक साहित्य दोस्रो क्रममा पूर्व अध्ययनको पुनरावलोकन र अवधारणात्मक ढाँचालाई अन्तिम क्रममा राखिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक साहित्य

यस अध्ययनको क्रममा Print, (1993) ले अगाडि सारेको मूल्याङ्कन सम्बन्धी ढाँचालाई अध्ययनको सैद्धान्तिक खाकाका रुपमा लिईएको छ । नेपालको वर्तमान शिक्षा प्रणाली अन्तर्गत पाठ्यक्रम निर्धारणदेखि मूल्याङ्कनका प्रक्रियासम्मको समग्र प्रक्रिया मुख्यतः सन्दर्भ वा पाठ्यवस्तु (Context), शैक्षिक कार्यक्रमको समग्र लगानी (Input), समग्र शैक्षणिक प्रक्रिया (Process) र त्यसको उपलब्धि (Output/Product) को मापन गर्ने ढाँचामा हुँदै आएको छ । तसर्थ यस अध्ययनलाई सन्दर्भ वा पाठ्यवस्तु शैक्षिक कार्यक्रमको समग्र लगानी, शैक्षणिक प्रक्रिया उपलब्धिको समग्र मूल्याङ्कन ढाँचा (Context, Input Process, Output Model) का आधारमा सम्पन्न गरिएको छ ।

नेपालको वर्तमान शैक्षिक प्रणाली सन्दर्भ वा पाठ्यवस्तु शैक्षिक कार्यक्रमको समग्र लगानी शैक्षणिक प्रक्रिया उपलब्धिको समग्र मूल्याङ्कनको (Context- Input - Process - Output - Model) आधारमा सञ्चालित छ भन्नुको अर्थ यो मुलतः विद्यार्थीको उपलब्धि मूल्याङ्कन प्रक्रियासँग मात्र सम्बन्धित छ भन्ने होइन । नेपालमा अपनाइएको र नमूना जनसंख्याले प्रयोगमा ल्याएको यो ढाँचा समग्र पाठ्यक्रम निर्धारण तथा पाठ्यक्रम मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित छ । विद्यालयले अपनाउने विद्यार्थी मूल्याङ्कन प्रक्रियाले पाठ्यक्रमको उपलब्धी मूल्याङ्कनलाई केन्द्र भागमा राखेको देखिन्छ ।

शैक्षिक प्रणाली सन्दर्भ वा पाठ्यवस्तु शैक्षिक कार्यक्रमको समग्र लगानी शैक्षणिक प्रक्रिया र उपलब्धि गरी चारवटा आयाममा नेपाली पाठ्यक्रमको ढाँचा विकास गरिएको भए पनि प्रस्तुत अध्ययन विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित छ । यो सन्दर्भमा कसरी विद्यार्थी मूल्याङ्कनलाई सही र प्रभावकारी बनाउन सकिन्छ भनी हेर्दा शिक्षा विद् (Print,1993) ले अगाडि सारेको सैद्धान्तिक आधारलाई लिनु उपयुक्त हुन्छ । उनले मूल्याङ्कनको प्रक्रिया तीन चरणमा सम्पन्न हुने बताएका छन् । (Print, 1993) का अनुसार, Data Collection (तथ्याङ्क सङ्कलन) Data Interpretation (तथ्याङ्कको प्रस्तुतीकरण) र Judgement (निरुपण) को प्रक्रियामा सम्पन्न हुने मूल्याङ्कनको माथिल्लो तह निरुपण वा मूल्याङ्कन हो ।" (पूर्ववत)

विद्यार्थी मूल्याङ्कनको प्रक्रियासँग सम्बन्धित यस अध्ययनमा शिक्षाविद् (Print, 1993) को सैद्धान्तिक अवधारणालाई अध्ययन क्षेत्रमा कसरी कार्यान्वयन गरिएको छ भनी हेर्दा सन्दर्भ वा पाठ्यवस्तु शैक्षिक कार्यक्रमको समग्र लगानी-शैक्षणिक प्रक्रिया-उपलब्धि Model का विविध पक्षहरुले मूल्याङ्कनका आधारको रुपमा काम गरेको देखिन्छ । यदि (सन्दर्भ वा पाठ्यवस्तु) Context को छनोट उपयुक्त हुन सकेन भने, त्यसका लागि उचित ढङ्गले लगानी गर्न सकिएन भने तथा त्यसलाई सही र प्रभावकारी रुपमा कार्यान्वयन प्रक्रियाबाट अगाडि बढाइएन भने अपेक्षित Output (उत्पादन/उपलब्धि) प्राप्त हुने नसक्ने देखिन्छ । सैद्धान्तिक रुपमा र सरकारी नीति कार्यक्रमको तहमा अध्ययन क्षेत्रका जनसंख्याप्रति राज्यले

समान प्रकारको उपलब्धिको अपेक्षा राखेको र मूल्याङ्कनको तहमा अध्ययन क्षेत्रका जनसंख्याप्रति राज्यले समान प्रकारको उपलब्धिको अपेक्षाको र मूल्याङ्कनका प्रक्रिया र साधनहरु समानप्रकारले नै बुझाएको भए तापनि त्यहाँको उपलब्धी समान प्रकारको हुन नसक्नुको कारण मूल्याङ्कन प्रक्रिया मात्र नभएर सन्दर्भ वा पाठ्यवस्तु-शैक्षिक कार्यक्रमको समग्र लगानी-शैक्षणिक प्रक्रिया-उपलब्धि Model को सञ्चालन एवम् व्यवस्थापन प्रक्रिया जिम्मेवार रहेको देखिन्छ ।

देशको वर्तमान शैक्षिक नीति तथा योजनामा राज्यले एउटै परिवेशलाई पाठ्यक्रमको विषयवस्तु (Context) बनाएको छ । यद्यपी आफ्नो आवश्यकता अनुसार सामुदायिक तथा संस्थागत विद्यालयहरुले वेग्लावेग्लै र अतिरिक्त सन्दर्भ सामग्रीलाई Context को परिपूरकका रुपमा प्रयोग गरेको पाइन्छ । विद्यालयको शैक्षणिक कार्यक्रममा देखिने यस प्रकारको विविधताले शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुनु अस्वभाविक होइन ।

विद्यालयीय शैक्षिक कार्यक्रमको मूल्याङ्कन सामान्यतया दुई तहबाट गर्ने गरिन्छ । पहिलो नीति निर्माण तह हो भने दोस्रो कार्यान्वयन तह । सरकार तथा उसको मातहतमा रहेका उच्च प्रशासनिक संरचनाहरुले हाल विद्यालयको पाठ्यक्रममा निश्चित गरिएको Context को सान्दर्भिकता, त्यसका लागि आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति सहितको लगानीको अवस्था, निर्धारित सिकाइ उपलब्धी हासिल हुनसक्ने गरी विद्यालयहरुमा शैक्षणिक क्रियाकलाप सञ्चालन भए नभएको अवस्था र त्यसको परिणाम वा उत्पादनको समग्र मूल्याङ्कन गरी समय सान्दर्भिक विषय वस्तुलाई छनोट गरी पाठ्यक्रम परिवर्तनदेखि समुच्च शैक्षिक संरचना र प्रक्रियाको पुनरावलोकन तथा परिमार्जन गर्ने कार्य गर्दछ । देशमा विद्यमान रहदै आएको यस प्रकारको पाठ्यक्रमको निर्धारण ढाँचाले नेपालमा Context, Input, Process र Output Model प्रयोगमा आइरहेको पुष्टि गर्दछ । तसर्थ यस अध्ययनलाई पनि यही सैद्धान्तिक खाकाबाट सम्पन्न गर्नु सान्दर्भिक र अत्यावश्यक महसुस गरिएको छ ।

पाठ्यक्रम विकासको यो मोडेलको प्रयोग र प्रभाव भने तत्काल देखिँदैन । यसले आफ्नो कोर्स पूरा गर्न कम्तिमा पाँच वर्ष र वढीमा सात देखि दसवर्ष

सम्मको समयावधि लिने गरेको छ । यो समयावधि र प्रक्रियाभित्र रहेर नेपाली शैक्षिक प्रशासनको माथिल्लो निकायदेखि विद्यालयको दैनिक शैक्षणिक क्रियाकलापमा सहभागी हुने शिक्षक विद्यार्थीहरु समेटिएका हुन्छन् । तर यस अध्ययनलाई यो समग्र मूल्याङ्कन प्रक्रियाको आधारमा खडा भएर विद्यालयमा शैक्षणिक क्रियाकलाप सञ्चालन गर्दाका बखत संलग्न हुने विद्यालयीय जनसंख्याको पाठयोजना तहको, दैनिक विद्यालयीय कार्यभार तहको र निश्चित शैक्षिक सत्र तहको मूल्याङ्कन प्रक्रियालाई विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्नका लागि नै (Print, 1993) ले सुझाएको Data Collection, Data Interpretation र Judgment = Evaluation को सैद्धान्तिक खाकालाई अवलम्वन गरिएको छ । उनको यो मूल्याङ्कन ढाँचाले विद्यालय शैक्षणिक कार्यक्रमलाई कसरी मूल्याङ्कनका मूलभूत दुईवटा प्रकारसँग संयोजन र सन्तुलन कायम गरेर लैजान सकिन्छ भन्ने विषयलाई समेत मार्गदर्शन गरेको छ ।

राज्यको दुवै प्रकारका विद्यालयहरुका लागि समान प्रकारको र एउटै मूल्याङ्कन प्रक्रिया, मूल्याङ्कनका साधन र मूल्याङ्कनका प्राप्तिहरुको प्रयोग गर्ने नीति तय गरेको भए पनि दुवै विद्यालयमा त्यो समान ढङ्गले लागू हुन नसक्नुको कारण पहिचान गर्नका लागि (Print, 1993) ले सुझाएको तथ्याङ्क सङ्कलनको प्रक्रियाबाट प्रवेश गरिएको छ । प्राप्त तथ्याङ्कहरुको विश्लेषणले यी विद्यालयको मूल्याङ्कन प्रक्रियामा कुनै मौलिक अन्तर भए नभएको हेर्ने आधार प्रशस्त गरेको छ । अध्ययनको क्रममा सङ्कलित तथ्याङ्क एवम् सूचनाहरुले ती विद्यालयहरुको शैक्षिक उपलब्धिलाई मूल्याङ्कन प्रक्रियाले नै प्रभावित पारेको रहेछ कि रहेनछ भन्ने कुरा प्रष्ट्याउँदै आवश्यक सुझावहरु उल्लेख गर्न सम्भव तुल्याएको छ ।

अध्ययनको क्रममा ती दुवै प्रकारका विद्यालयवाट सङ्कलित तथ्याङ्कले त्यहाँ रहेका मूल्याङ्कनका समानता र भिन्नताहरु औंल्याउँदै त्यसका कारणहरु पहिल्याउन मार्गनिर्देशन गरेको छ । तसर्थ यो अध्ययन (Process Evaluation) प्रक्रिया मूल्याङ्कनसँग बढी सम्बन्धित रहेको छ । अध्ययनको उद्देश्य (Objectives of the study) पनि Process Evaluation सँग सम्बन्धित छ । यद्यपि अध्ययको क्रममा कक्षाकोठामा सञ्चालित शैक्षिक कार्यकलापहरुद्वारा निर्धारित विशिष्ट उद्देश्यहरु

के-कति मात्रामा हासिल हुन सके भन्ने कुरा पनि शोधको सन्दर्भ भएकाले यो अध्ययनलाई उपलब्धी मूल्याङ्कनबाटै अलग गर्न भने सकिँदैन ।

अध्ययन क्षेत्र र जनसंख्या दुईवटा विद्यालयको कक्षा ५ का सबै विषयहरुसँग मात्र सम्बन्धित छ । शिक्षाको राष्ट्रिय नीति तथा सम्बन्धित कक्षाको शैक्षणिक उद्देश्य र समग्र विषयको विशिष्टीकरण तालिकाअनुसार सिकाइ उपलब्धी हासिल भए भएनन् भन्ने सम्बन्धमा सम्पूर्ण तहगत र विषयगत उपलब्धी मूल्याङ्कन गर्न नसकिने परिसीमा रहे पनि विद्यालयको प्रभावकारिता, कक्षाकोठा अन्तरक्रिया, पाठ्यक्रम र विशेष कार्यक्रमहरुको प्रभावकारिताको परीक्षणका लागि यो अध्ययन महत्वपूर्ण छ ।

निर्धारित उद्देश्य प्राप्तिको लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापको परिणाम स्वरुप प्राप्त भएका उपलब्धिहरु मूल्याङ्कनवाट मात्र यकिन गर्न सकिन्छ । तसर्थ शिक्षाको मुख्य उद्देश्य नै विद्यार्थीको व्यवहारमा आशा गरेजति सुधार ल्याउनु हो । आशा अनुसारको सुधार विद्यार्थीमा भयो वा भएन भनेर निर्णय गर्न शिक्षकलाई उक्त विद्यार्थीको बारेमा धेरै कुराको बारेमा जानकारी हुन आवश्यक पर्दछ । त्यस्ता जानकारी सङ्कलन गर्नु र विद्यार्थीमा आएको सुधार वा समस्याका बारेमा आवश्यक कुरा पत्ता लगाउनु मूल्याङ्कन प्रक्रिया हो । यसरी विद्यार्थीहरुमा ज्ञान, सीप, धारणा जस्ता गुणहरुको विकासमा शिक्षण सिकाइ प्रक्रियाले के कति सहयोग पुऱ्याएको छ वा विद्यार्थीको क्षमतामा के-कति सुधार आएको छ भनी थाहा पाउन चाहिने आवश्यक तथ्याङ्क वा सूचनाहरुका आधारमा विद्यार्थीका बारेमा केही कुरा भन्नु वा निर्णय लिनु मूल्याङ्कन हो । शिक्षकले आफ्नो शिक्षण क्रियाकलापमा आवश्यक सुधार गर्नका लागि सहयोग गर्दछ । शिक्षण सिकाइको क्रममा विद्यार्थीको प्रगतिको लेखाजोखा गरी त्यसका आधारमा शिक्षण सिकाइ कार्यमा निरन्तर सुधार गरिने भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको एउटा अङ्गको रुपमा लिनु पर्दछ । त्यसैले उद्देश्य अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको उपलब्धिको निरन्तर रुपमा मूल्याङ्कन गर्नुपर्ने भएकोले मूल्याङ्कनलाई निरन्तर सञ्चालन हुने प्रक्रियाका रुपमा पनि लिइन्छ । निश्चित समयमा सञ्चालन गरिने परीक्षालाई

मात्र मूल्याङ्कन मान्नु हुँदैन । परीक्षाले निश्चित अवधिको सिकाइ उपलब्धिलाई नाप्ने काम गर्दछ । परीक्षाले विद्यार्थीको बारेमा केही सूचना प्रदान गर्दछ तर ती सूचनाहरुको विश्लेषण गरी त्यसको व्याख्या गर्ने कार्यको लागि परीक्षा वाहेकको मूल्याङ्कनका अन्य साधनहरुको प्रयोग पनि आवश्यक हुन्छ । यसरी परीक्षा तथा अन्य साधनबाट प्राप्त नतिजाको विश्लेषण गरी त्यसको व्याख्या मूल्याङ्कनवाट गर्नुपर्दछ ।

जुनसुकै कार्यको पनि आफ्नै उद्देश्य हुन्छ । ती उद्देश्यहरु काम गर्ने क्रममा के-कति प्राप्त भयो भनेर लेखाजोखा गर्ने काम नै मूल्याङ्कन हो । शिक्षा क्षेत्रमा निर्धारित उद्देश्यहरु प्राप्तिका लागि शिक्षण क्रियाकलाप सञ्चालन गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापवाट अपेक्षित उपलब्धि हासिल भए वा भएनन् र विद्यार्थीको व्यवहारमा के-कति परिवर्तन आयो तथा आएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । क्रोनव्याकका अनुसार "मूल्याङ्कन भित्र विद्यार्थीको गुणात्मक र परिमाणात्मक दुवै व्यवहारको व्याख्या गरी उक्त व्यवहारहरु चाहे अनुसारको हुन् वा होइनन् भनी मूल्य निर्धारण गर्ने कार्य समेत पर्छ ।" तसर्थ माथिको परिभाषाबाट विद्यार्थी मूल्याङ्कन भन्नाले विद्यार्थीमा आएको गुणात्मक तथा परिमाणात्मक व्यावहारिक परिवर्तन, जुन निर्धारित उद्देश्य अनुरुप हुन वा होइनन् भनी मूल्य निर्धारण गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो ।

विद्यालयमा शैक्षणिक कार्यक्रम पछि निर्धारित उद्देश्यहरु के-कति पूरा भए वा भएनन् भनेर हेर्नका लागि विभिन्न प्रकारका मूल्याङ्कनका ढाँचाहरु अपनाउने गरिएका भए तापनि यो अध्ययन विद्यार्थीको मूल्याङ्कन गर्ने प्रक्रियामा केन्द्रित रहेकाले प्रयोग र प्रचलनमा रहेका दुई प्रकारका मूल्याङ्कनलाई आधारको रुपमा लिइएको छ । स्क्रिभिन (Scriven) का अनुसार मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कन गरी दुई भागमा विभाजन गरेको पाइन्छ ।

### २.१.१ निर्माणात्मक मूल्याङ्कन

विद्यालयको शैक्षणिक कार्यक्रमको सन्दर्भमा निर्माण भएको शिक्षण योजना सही रुपमा कार्यान्वयन गराउनु, शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक सुधार ल्याउन शिक्षण र सिकाइमा देखापरेका त्रुटिहरु हटाएर तत्कालै पृष्ठपोषण दिन र प्रयोग गरिएका शिक्षण विधिहरुको प्रभावकारिता के-कस्तो परेको छ भन्ने ठम्याउँदै विद्यार्थीमा सम्पूर्ण अनुभव र व्यवहारको दैनिक लेखाजोखा गर्न यो मूल्याङ्कनलाई अत्यन्त महत्वका साथ प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सुन्ने, बोल्ने, पढ्ने, लेख्ने र प्रस्तुत विषयवस्तुलाई वोध गर्न सक्रियता पूर्वक सहभागी हुने काम विद्यार्थी मूल्याङ्कनको कक्षा कार्य अन्तर्गत पर्दछन् । कक्षा शिक्षणका क्रममा सिकाइका विषयवस्तुहरुमा पर्याप्त अभ्यास गर्ने र त्यसबाट विद्यार्थीमा कस्तो अवधारणाको विकास भएको रहेछ भनी मूल्याङ्कन गर्न गृहकार्यलाई प्रयोगमा ल्याइन्छ । त्यस्तै निश्चित एकाइको समाप्तिमा एकाइ परीक्षा, निश्चित महिनाको अन्त्यमा मासिक परीक्षा र निश्चित त्रैमासिक अवधि (पहिलो, दोस्रो र तेस्रो) पछि त्रैमासिक परीक्षा लिएर विद्यार्थीको समग्र अवस्था पत्ता लगाउने र सो अनुसार उनीहरुलाई पृष्ठपोषण प्रदान गर्ने गरिन्छ । यस प्रकारको मूल्याङ्कनमा प्रश्नोत्तर, हाजिरी जवाफ र अवलोकनलाई वढी प्रभावकारी साधनको रुपमा प्रयोग गर्न सकिन्छ । यसको साथै विद्यार्थीहरु र शिक्षण सिकाइ क्रियाकलापमा रहेका कमजोरीहरुलाई समयमा नै पत्ता लगाई आवश्यक सुधार गरेर शैक्षिक क्षति हुनबाट बचाउन यस प्रकारको मूल्याङ्कन बढी प्रभावकारी हुन्छ ।

### २.१.२ निर्णयात्मक मूल्याङ्कन

विद्यालयको समग्र वार्षिक शिक्षण सिकाइ कार्यक्रमको अन्त्यमा विद्यार्थीको स्तर निर्धारण गर्ने, प्रमाण-पत्र दिने र कक्षोन्नति गर्न निर्णय लिने उद्देश्यका साथ गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यसले कार्यक्रमको उद्देश्य कति पूरा भयो भन्ने देखाउँछ र विद्यार्थीको प्रगति एवम् स्तर निर्धारण गर्दछ । शैक्षिक क्रियाकलापहरुको प्रभावकारिता मूल्याङ्कन गर्दै योजनाको वैधता र

प्रमाणिकता प्रदान गर्ने यो प्रणालीले दैनिक शिक्षण सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाउन विशेष भुमिका भने खेल्दैन ।

अध्ययनको क्रममा नमूना विद्यालय, शिक्षक एवम् विद्यार्थीले भने यही मूल्याङ्कन कार्यलाई महत्व दिएको पाइन्छ । अहिले मूल्याङ्कन प्रक्रियामा सुधारको चौतर्फी दवाव परिरहेकाले वार्षिक परीक्षालाई मुख्य साधन माने पनि केही प्रतिशत अङ्क नियमित मूल्याङ्कनलाई दिएर नियमित एवम् निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयत्न थालिएको देखिन्छ ।

मूल्याङ्कन प्रक्रिया मूल्याङ्कनका चरण र स्वरुपसँग मात्र सीमित हुँदैन । यो त Context, Input, Process and output model को पूर्ण पाठ्यक्रम मूल्याङ्कनका आधारवाट प्रभावित हुने देखाउँछ । अध्ययनको क्रममा कक्षाकोठाको शैक्षणिक कार्य र अपनाइएको मूल्याङ्कन प्रक्रिया तथा त्यसका लागि प्रयोग गरिएका साधनको सम्बन्ध उल्लेखित चारवटै आधारहरुद्वारा प्रभावित पाइएकोले यो विषयसँग सम्वन्धित रहेर गरिएका अध्ययन अनुसन्धान प्रतिवेदनको अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन प्रक्रिया र त्यसलाई प्रभावित पार्ने पक्षहरुका बारेमा गरिएका ती अध्ययनहरु मध्ये (सेरिड सन् १९९९ ले संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको व्यवस्थापकीय अवस्थाका बारेमा गरिएको अध्ययन प्रतिवेदन (Management Practice in Public and Private Primary School, 1999) तथा सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा शिक्षक तालिम शैक्षणिक सामग्री र पाठ्यपुस्तकहरुको प्रयोगको बारेमा गरेको अर्को सेरिड सन् १९९८ अध्ययन प्रतिवेदन (Teachers Training and it's implication in class room practices, 1998) लाई सम्विन्धित साहित्यको अवलोकन अन्तर्गत अध्ययन गरिएको छ ।

सम्बन्धित साहित्यको अध्ययन गर्ने क्रममा उल्लेखित प्रतिवेदनहरुले औल्याएको मुख्य सवालहरुलाई आत्मसात गर्न सान्दर्भिक हुन जान्छ । विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावित पार्ने मुख्य तत्वहरुमा विद्यालय भवन र फर्निचर, शैक्षिक सामग्री, शिक्षण भार, अतिरिक्त क्रियाकलाप, आर्थिक व्यवस्थापन, शिक्षण विधि, मूल्याङ्कन प्रविधि र शिक्षक व्यवस्थापन आदि पनि देखिएकाले

उल्लेखित प्रतिवेदनहरुले औल्याएका ती सान्दर्भिक विषयहरुलाई यस अध्ययनसँग जोडिएर हेरिएको छ ।

## २.२ पूर्व अध्ययनको पुनरावलोकन


भट्ट, टिकेन्द्रप्रसाद २०६५, प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नती व्यवस्थाको कार्यान्वयन स्थिति भन्ने उक्त सोधपत्रमा उदार कक्षोन्नतिको अवस्था पत्ता लगाउने उद्देश्य पूरा गर्न सम्भावनायुक्त नमुना छनोट विधि र उद्देश्यात्मक  नमूना छनौट बिधिको आधारमा सूचना सङ्कलन गरिएको थियो । प्राथमिक तहमा नाम मात्रको निरन्तर मूल्याङ्कन गर्ने गरेको र उदार कक्षोन्नतिको ब्यवस्था प्रायः सबै विद्यालयमा रहेको थियो भन्ने उक्त सोधपत्रको निष्कर्ष रहेको थियो ।

पोखरेल विमला, (२०६७) माध्यमिक तहको समाजिक अध्ययन विषयमा मूल्याङ्कन प्रणालीको वर्तमान स्थिति भन्ने सोधपत्रमा सामाजिक विषयको मूल्याङ्कन अवस्था पत्ता लगाउनु उक्त सोधपत्रको उद्देश्य रहेको थियो । उक्त सोधपत्र उद्देश्यात्मक नमूना छनौट विधि र सम्भावनायूक्त नमुना छनौट विधि छनौट गरी सूचना सङ्कलन गरिएको थियो । सामाजिक विषयको मूल्याङ्कन प्रणाली ब्यवहारिक नभएको र मूल्याङ्कन प्रणालीमा पाठ्यभार अनुरुप प्रश्नावली निर्माण नभएको भनी निष्कर्ष निकालिएको थियो ।


## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचावाट प्राथमिक विद्यालयका मूल्याङ्कन प्रणालीको तुलनात्मक अध्ययन गरिएको छ ।  मूल्याङ्कन प्रणालीमा विभिन्न तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् र उक्त तत्वहरुलाई निर्क्यौल गर्दै यस अध्ययनको अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।

**विद्यार्थी मूल्याङ्कनका पक्षहरु**




**विद्यार्थी मूल्याङ्कनका समस्याहरु**



# परिच्छेद - तीन
# अध्ययन विधि

अध्ययन विधि भनेको आफूले छनौट गरेको अध्ययनको शीर्षक अन्तर्गत रहेका विविध कार्यहरुलाई कसरी अगाडि बढाउने वा सञ्चालन गर्ने भन्ने कुराको योजना बनाउनु हो । यसले अध्ययन कार्यलाई उपयुक्त लक्ष्य हासिल गर्नका लागि मार्गदर्शन गर्दछ । यस अध्ययनका लागि परिमाणात्मक विधि भन्दा गुणात्मक विधिको उपयोग गरिएको छ । सरकारी लगानी र समुदायको व्यवस्थापनमा सञ्चालित सामुदायिक विद्यालय र निजी लगानी तथा व्यवस्थापनमा सञ्चालित संस्थागत विद्यालयमा अपनाइएको मूल्याङ्कन प्रणाली सम्बन्धी तुलनात्मक अध्ययनको लागि यो अनुसन्धानमा विभिन्न प्रकारले जनसंख्या र नमूना छनौटका आधारहरु निश्चित गरी नमूना छनौट गरिएको थियो ।

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान कार्यको लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना तथा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन । अनुसन्धान कार्यको लागि तयार गरिने वृहत योजना तथा रणनीतिलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । यस अध्ययनको क्रममा लिइएको जनसंख्या र नमूना छनौट अनुसार प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक र वर्णनात्मक प्रकारले प्रस्तुत गरिएको छ । अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलन गर्दा संख्यात्मक पक्षलाई भन्दा गुणात्मक पक्षलाई नै विशेष जोड दिइएको छ । अध्ययनको क्रममा सम्बन्धित विद्यालयमा पुगी विद्यालयमा सञ्चालित सम्पूर्ण शैक्षिक कार्यक्रमहरुको परिवेशमा जनसंख्याको अध्ययन, अवलोकन र विभिन्न ढाँचामा फारम तथा प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो ।

सामुदायिक तथा संस्थागत विद्यालयहरुको मूल्याङ्कन प्रक्रियाको प्रभावकारिताको सम्वन्धमा विगतका वर्षहरुमा अपनाइएको मूल्याङ्कन प्रक्रिया र त्यसले शैक्षिक उपलब्धी तथा पृष्ठपोषणमा पारेको प्रभावको सम्बन्धमा अध्ययन गरिएको छ । विद्यालयहरुले विगत देखि अपनाउँदै आएको मूल्याङ्कन प्रक्रियाको

सम्वन्धमा अध्ययनको जनसंख्यावाट प्राप्त जानकारीलाई आधार बनाएर अनुसन्धानका साधनहरुको छनौट र प्रयोग गरी सोही अनुरुप अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । यस अध्ययनको लागि विभिन्न उद्देश्यहरु पूरा गर्न निम्न स्रोत र साधनको प्रयोग गरिएको थियो ।

| क्र.स. | उद्देश्यहरु | स्रोत | साधन |
|---|---|---|---|
| १. | सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको निरन्तर मूल्याङ्कन प्रकृयामा रहेका समानता र भिन्नता पत्ता लगाउनु । | शिक्षक, प्र.अ., विद्यार्थी | प्रश्नावली, अन्तर्वार्ता, मूल्याङ्कनको अवलोकन फाराम, लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख |
| २ | सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको आवधिक परीक्षामा रहेका समानता र भिन्नता पहिचान गर्नु । | शिक्षक, प्र.अ. | प्रश्नावली, अन्तर्वार्ता |
| ३ | सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको विद्यार्थीहरुमा गरिएको अन्तिम मूल्याङ्कनमा रहेका समानता र भिन्नता प्रष्ट पार्नु । | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वार्ता, मूल्याङ्कनको अवलोकन फाराम |

## ३.२ अध्ययनको जनसंख्या

अध्ययनको जनसंख्या भन्नाले अध्ययन कार्यमा सामेल भएका मानिसहरुको संख्यालाई बुझिन्छ । सामुदायिक र संस्थागत विद्यालयहरु मध्येबाट उद्देश्यात्मक नमूना छनौट विधिबाट १ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा २ वटा प्राथमिक विद्यालय र त्यस विद्यालयको व्यवस्थापन गर्न जिम्मा लिएका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्र.अ.,प्राथमिक तहमा

अध्यापनरत विषय शिक्षकहरु, विद्यालयको प्राथमिक तहमा अध्ययनरत विद्यार्थी आदिलाई जनसंख्याको रुपमा लिइएको थियो ।

### ३.३ नमूना छनौट

यस अध्ययनको लागि निम्न नमूना छनौट गरिएको थियो ।

#### ३.३.१ स्रोत केन्द्रको छनौट

स्रोत केन्द्रको छनौटगर्दा अध्ययनकर्ताको घर नजिक रहेको तर कुनै सरकारी तथा गैरसरकारी निकायले आजसम्म गहन अध्ययन अनुसन्धान नगरेको संस्थागत विद्यालयतर्फ पाँचखाल भिसो र सामुदायिक विद्यालयतर्फ आजाद उ.मा.वि.स्रोत केन्द्रको रुपमा उद्देश्यात्मक नमुना छनौट विधिबाट छनौट गरिएको थियो ।

#### ३.३.२ विद्यालयको छनौट

काभ्रेपलाञ्चोक जिल्लाको आजाद उ.मा.वि.स्रोत केन्द्र अन्तर्गत सञ्चालित विद्यालयहरुमा कम्तिमा कक्षा ५ सम्म सञ्चालित ४ वटा विद्यालयहरुको नाम छुट्टाछुट्टै कागजमा लेखी उक्त कागजलाई गोलो बनाएर वाकसमा राखी सबैलाई छ्यासमिस गरी वेसगरी हल्लाएर १ वटा सामुदायिक प्रा.वि.को नाम लेखिएको गोलो झिकेर सामुदायिक विद्यालयको छनौट गरियो भने संस्थागत विद्यालय तर्फ पनि पाँचखाल भिसोद्वारा सञ्चालित ४ वटा कम्तीमा कक्षा ५ सम्म सञ्चालित भएका प्रा.वि.हरुको नाम छुट्टाछुट्टै कागजको टुक्रामा लेखी छुट्टाछुट्टै गोलो बनाएर एउटा बाकसमा राखी सबैलाई छ्यासमिस गरी वेसगरी हल्लाएर सम्भावनायूक्त नमूना छनौट विधिबाट १ वटा संस्थागत प्रा.वि. को नाम लेखिएको गोलो झिकेर संस्थागत विद्यालयको छनौट गरिएको थियो ।

#### ३.३.३ कक्षा छनौट

उद्देश्यात्मक नमुना छनौट विधिबाट सामुदायिक र संस्थागत विद्यालयहरु मध्येवाट छनौटमा परेको प्राथमिक विद्यालयहरुमा अध्ययन अवलोकन गर्न कक्षा ५ लाई कक्षा छनौट गरिएको थियो ।

### ३.३.४ वि.व्य.स. अध्यक्ष छनौट

उद्देश्यात्मक नमुना छनौट विधिबाट छनौटमा परेको सामुदायिक र संस्थागत प्रा.वि. हरुवाट विद्यार्थी मुल्याङ्कन प्रकृया के-कसरी सञ्चालन भैरहेको छ भनी दुई वटा बिद्यालयहरुबाट जम्मा २ जना वि.व्य.स.अध्यक्ष छनौट गरिएको थियो ।

### ३.३.५ प्र.अ. छनौट

छनौटमा परेका १ वटा सामुदायिक प्रा.वि. र संस्थागतबाट १ वटा प्राथमिक विद्यालयका जम्मा २ जना प्रधानाध्यापकहरुको छनौट गरिएको थियो ।

### ३.३.६ शिक्षक छनौट

छनौटमा परेको सामुदायिक र संस्थागत प्रा.वि.हरुवाट उद्देश्यात्मक नमूना छनौट विधिबाट सम्पूर्ण विषयहरु अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरुको छनौट गरिएको थियो ।

### ३.३.७ विद्यार्थी छनौट

दुवै विद्यालयको कक्षा ५ मा अध्ययनरत २ ले भाग जाने रोल नं. भएका विद्यार्थीहरुलाई सम्भावनायूक्त नमूना छनौट विधिबाट संस्थागत प्रा.वि.बाट ७ जना र सामुदायिक प्रा.वि.बाट ७ जना विद्यार्थीहरु गरी जम्मा १४जना विद्यार्थीहरु छनौट गरिएको थियो ।

### ३.३.८ अभिभावक छनौट

छनौटमा परेका दुबै विद्यालयमा अध्ययनरत विद्यार्थीका सम्बन्धित अभिभावकहरु स्वतः छनौटमा परेका थिए ।

### ३.३.९ विषय छनौट

छनौटमा परेको सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा अध्यापन गराइने सम्पूर्ण विषयहरुको छनौट गरिएको थियो ।

## ३.४ साधन निर्माण

### ३.४.१ अवलोकन फारम

मूल्याङ्कन प्रक्रिया भन्नाले स्वभाविक रुपमा शैक्षणिक कार्यक्रमको समग्र मूल्याङ्कन प्रक्रियासँग जोडिएको हुन्छ । विद्यालयले के-कस्तो शैक्षणिक वातावरण सृजना गरेको छ र त्यसको आधारमा विद्यार्थी मूल्याङ्कन गर्दा के कस्ता साधनहरु प्रयोग गर्ने गरेको छ भन्ने कुरा ज्यादै महत्वपूर्ण हुन्छ । तसर्थ यस अध्ययनले निर्धारण गरेको सीमाभित्र रहेर शोध कार्य गर्दा ती विद्यालयहरुले अपनाएको मूल्याङ्कन प्रक्रिया र साधनको बारेमा अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्न ती विद्यालयहरुले अपनाएको मूल्याङ्कन प्रक्रिया र साधनको बारेमा ६ हप्ता लगाएर सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी मूल्याङ्कनको बारेमा अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको थियो ।

अवलोकनको क्रममा विद्यार्थी मूल्याङ्कन गर्दा ती विद्यालयहरुमा विद्यालयका प्रधानाध्यापक, कक्षा शिक्षक र विषय शिक्षकहरुले अवलोकन फारममा उल्लेख गरिएका साधनहरुको प्रयोग के-कसरी गरेका छन् भन्ने कुरामा केन्द्रित हुने कोसिस गरिएको थियो ।

### ३.४.२ प्रश्नावली

शोध कार्यको क्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित बेग्लाबेग्लै जनसंख्यावाट तथ्याङ्क सङ्कलन गर्न निश्चित ढाँचामा अन्तर्वार्ताका प्रश्नावलीहरु तयार पारी प्रयोग गरिएको छ । यस प्रश्नावली निर्माण गर्ने क्रममा विद्यालयका प्रधानाध्यापक (प्रिन्सिपल) को लागि एउटा ढाँचामा, शिक्षकहरुको लागि अर्को ढाँचामा र विद्यार्थीको लागि छुट्टै ढाँचामा गरी फरक-फरक तीन प्रकारका ढाँचाका प्रश्नावली तयार पारी उनीहरुसँग लिखित र मौखिक दुवै प्रकारको शैलीमा अन्तर्वार्ता लिएर तथा प्रश्नावली भर्न लगाएर आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.३ लक्षित समूह छलफल

शोध कार्यको क्रममा अध्ययनको जनसंख्याका रुपमा रहेका विद्यार्थीहरुसँग रही कक्षाकोठाको शैक्षणिक कार्य सञ्चालनको समयमा तथा कक्षा कार्य समाप्त हुने समयमा सो दिन अध्यापन गराइने विषय र पाठका सन्दर्भमा अर्धसंरचित र पूर्णसंरचित प्रश्नावली समेतलाई आधार मानेर कक्षाकोठामा सामूहिक ढङ्गले छलफल चलाई केहीको धारणा बन्द शैलीको अन्तर्वार्ता प्रश्नावली फारममा सङ्कलन गरिएको थियो ।

नमूनाको रुपमा लिइएको कक्षाकोठामा विद्यार्थीको संख्या बढी भएकाले छलफल पछि विद्यार्थीको प्रतिक्रिया वुझ्न रोल नं. २ र सो अङ्कले भाग जाने रोल नं. भएका विद्यार्थीहरुलाई प्रश्नावली फारम भर्न लगाउने काम गरिएको थियो । नमूना छनोटमा परेका विद्यार्थीहरुवाट उनीहरुका अभ्यास पुस्तिका मागी त्यसमा उनीहरुले गरेको अभ्यास तथा शिक्षकले जाँची के-कसरी अङ्कन गरी विद्यार्थीलाई कस्तो पृष्ठपोषण दिएका रहेछन् भनी हेरिएको थियो । शिक्षकद्धारा अङ्कन गरिएका वा पृष्ठपोषण दिइएका कुराहरुलाई विद्यार्थीले कसरी ग्रहण गर्दा रहेछन् भन्ने विषयमा सोधपुछ गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

### ३.४.४ अभिलेखको अध्ययन

विद्यालयहरुले विद्यार्थी मूल्याङ्कनलाई कसरी अभिलेखित गर्दा रहेछन् भन्ने विषयको तथ्याङ्क सङ्कलन गर्न विद्यालयले राखेका विद्यार्थी मूल्याङ्कनका अभिलेखहरुको अध्ययन गरिएको र ती अभिलेखहरुवाट प्राप्त तथ्याङ्कहरुलाई पनि मूल्याङ्कनगत समानता र भिन्नता छुट्याउने कार्यमा प्रयोग एवम् प्रस्तुतीकरण गरिएको थियो ।

### ३.४.५ प्रश्नपत्र विश्लेषण

अध्ययनको क्रममा विद्यालयको शैक्षणिक कार्यको नियमित अवलोकन गरिएको थियो । नमूनाको रुपमा लिइएका विषयको अवलोकन हुने दिनको पाठयोजना र पाठको विशिष्ट उद्देश्य के रहेको छ भनी विषय शिक्षकसँग जानकारी लिइयो । विषय शिक्षकले उल्लेख गरेको सो पाठको विशिष्ट उद्देश्य

प्राप्त गर्न कक्षाकोठामा के-कस्ता शैक्षिक कार्यहरु गरिए भन्ने कुराको अध्ययन अवलोकन गरियो । प्रायः अलिखित (मौखिक) पाठयोजनाका साथ कक्षा शिक्षणमा सहभागी शिक्षकले त्यो दिनको विशिष्ट उद्देश्य प्राप्त भयो भएन भनी मूल्याङ्कन गर्न प्रयोग भएका प्रश्नावलीहरुलाई पाठयोजनाको उद्देश्य र शैक्षणिक क्रियाकलापसँग सम्बन्धित रहेर विश्लेषण गरिएको थियो ।

### ३.४.६ दस्तावेज विश्लेषण

लगानी र व्यवस्थापनको दृष्टिले वेग्लावेग्लै अवस्थामा रहेका भए पनि शिक्षाको राष्ट्रिय नीति तथा कार्यक्रमका दृष्टिले दुवै प्रकारका विद्यालयले समान मान्यता र हैसियत राख्दछन् । ती विद्यालयले अध्ययन गर्ने विद्यार्थीले (राष्ट्रिय रुपमा) निर्धारित शैक्षिक उपलब्धी हासिल गरेको हुनु पर्दछ । संस्थागत र सामुदायिक विद्यालयमध्ये कसले मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपले अपनाएको छ र के-कति समानता र भिन्नताहरु छन् भन्ने कुराको मापन अन्ततः शिक्षाको राष्ट्रिय उद्देश्यले निर्दिष्ट गरेको सीमाभित्र हासिल हुने सिकाइ उपलब्धिले गर्ने भएकाले सम्बन्धित दस्तावेजमा निर्धारण गरिएको उद्देश्यलाई ध्यान दिई सान्दर्भिक तथ्याङ्कहरु विश्लेषण गरिएको थियो ।

## ३.५ साधनको वैधता

कुनै पनि अध्ययन अनुसन्धान गर्दा विभिन्न साधनको प्रयोग गरिन्छ । ती साधनहरु वैध र विश्वसनीय हुनु अति आवश्यक छ । शोधकार्यलाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि सूचना सङ्कलन गर्न प्रयोग गरिएका सधनहरु अवलोकन, अर्न्तवार्ता, छलफल, प्रश्नावली, तयार गरिसके पछि सहपाठी मित्रहरु बीच छलफल गरी उहाँहरुको सुझाव र सल्लाह अनुसार परिमार्जन गरियो । यसरी निर्माण गरिएको साधनलाई शोध निर्देशकसँग देखाई उहाँको काटछाँट र राय सल्लाह वमोजिम पुनः निर्माण गरी त्यसलाई अन्तिम स्वरुप दिएर वैधता निर्धारण गरियो ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.६.१ प्राथमिक स्रोत

अध्ययको लागि आवश्यक पर्ने वास्तविक यथार्थता पत्ता लगाउन तथा आफ्नो प्रयोजनको लागि सङ्कलन गरिने तथ्याङ्क प्राथमिक तथ्याङ्क हो । यस तथ्याङ्क स्रोतको लागि अवलोकन फारम, अन्तर्वार्ता, प्रश्नावली, छलफल आदिको प्रयोग गरिएको थियो ।

### ३.६.२ सहायक स्रोत

कुनै संघ संस्थाले उपयोगमा ल्याइसकेको तथ्याङ्कलाई द्वितीय तथ्याङ्क भनिन्छ । छनौटमा परेका विद्यालयको उपस्थिति पुस्तिका, समय तालिका, शिक्षक विवरण, रजिष्टर, रिजल्ट सिट, विद्यार्थी तथ्याङ्क फारम र अध्ययनसँग सम्बन्धित लेख तथा रचनावाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.७ नीतिगत पक्ष

कुनै पनि अध्ययन अनुसन्धान गर्दा नैतिकताको सवाल बुलन्द रुपले उठ्ने गर्दछ । शोधकर्ता एउटा नैतिक रुपले सबल र सजग हुन नितान्त आवश्यक पर्दछ । त्यसैगरी सामुदायिक र संस्थागत प्राथमिक विद्यालयको मूल्याङ्कन प्रणालीको तुलनात्मक अध्ययन गर्नका लागि छनौटमा परेका विद्यालयका सरोकारवाला व्यक्तिहरुबीच आवश्यक छलफल, प्रश्नावली, अवलोकन फारम, अन्तर्वार्ता आदिवाट प्राप्त वास्तविक सूचना सम्प्रेषण गर्ने व्यक्तिको नाम, थर, ठेगाना अन्य व्यक्तिहरुमा आँच आउने कुरालाई मध्यनजर गरी नैतिक मापदण्डको आधारमा खुलस्त हुने सूचनालाई मात्र खुलाई अन्य सूचनालाई गोपनीयता कायम गरिएको थियो ।

# परिच्छेद - चार

# तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

यस अध्यायमा शोधकार्यका लागि छनौट गरिएको जनसंख्याबाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषणात्मक प्रस्तुती गरिएको छ । अध्ययनका क्रममा संस्थागत तथा सामुदायिक विद्यालयवाट प्राप्त मूल्याङ्कनको यथार्थ स्थिति जुन अनुसूचीमा समावेश गरिएको छ, त्यसलाई नै आधार मानी अनुसन्धानात्मक प्रश्नहरु (Research Questions) र अध्ययनका उद्देश्यहरु (Objectives of Study) सँग सम्बन्धित तथ्याङ्कहरुलाई प्रस्तुत गरिएको छ । यो अध्ययन निश्चित उद्देश्यमा केन्द्रित भएकाले यी विषयको सिमाभित्र रहेर प्राप्त तथ्याङ्क र सूचनाहरुको विश्लेषण गरिएको छ ।

'सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन' विषयक यस अध्ययनबाट ती विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रिया पत्ता लगाउदै त्यसको व्यवस्थापन, साधन, प्रश्न बनाउने शैली, तिनीहरुको प्रयोग र उपलब्धिलाई अङ्कन गर्न त्यहाँ अपनाइँदै आएका तरिकाहरु बीचको समानता र भिन्नताका आधारमा मूल्याङ्कन प्रक्रियालाई सिकाइमुखि बनाउन गर्न सकिने प्रयत्न र सम्भावनालाई सुझाउन नमूना जनसंख्याका बीचबाट आवश्यक तथ्याङ्क र सूचनाहरु सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्क एवं सूचनाहरुलाई Print, (1993) को मूल्याङ्कन ढाँचा अनुसार विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

यस अध्यायमा अध्ययनका लागि छनौट गरिएको जनसंख्याको वीचबाट प्राप्त प्राथमिक तथ्याङ्कहरुलाई प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा संस्थागत तथा सामुदायिक विद्यालयको मूल्याङ्कन प्रक्रियासँग सम्वन्धित विविध पक्षहरुमा प्राप्त तथ्याङ्कहरुलाई तुलनात्मकरुपले प्रस्तुत गरिएको छ ।

योजना भन्नाले कुनै पनि काम के-कसरी गर्ने भन्ने वारेमा गरिएको पूर्व तयारीको अवस्था हो । कुनै पनि कार्य आगामी दिनमा विना त्रुटि गरी सफल तवरले गर्न तयार पारिएको एउटा खाकालाई योजनाको रुपमा लिइन्छ । विना योजना शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउदा बाटो विराएर हिंडेको वटुवा जत्तिकै अल्मलिन सक्दछ । त्यसैले सवै शिक्षण संस्थाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक योजनाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउन उपयुक्त हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुमा शिक्षण योजना निर्माण गरी कार्यान्वयन गरेको छ वा छैन भनी विद्यालय सर्वेक्षण क्रिया गर्दा सामुदायिकतर्फ श्री जोरपाटी माध्यमिक विद्यालय र संस्थागत तर्फ गोल्डेन फ्यूचर उच्च माध्यमिक विद्यालय गरी दुवै विद्यालयमा शैक्षिक योजना निर्माण गरी अगाडि वढेको पाइयो । दुवै विद्यालयहरुले वार्षिक कार्यतालिको आधारमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गरेको देखियो । सामुदायिक विद्यालयमा विषय शिक्षकले लिखित पाठ योजना निर्माण नगरी पठनपाठन कार्य सञ्चालन गरेको पाइयो भने संस्थागत विद्यालयका शिक्षक शिक्षिकाहरुले प्रायः लिखित पाठयोजनाको आधारमा शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको देखियो । सामुदायिक विद्यालयका शिक्षकहरुले प्रायः शिक्षक केन्द्रित विधिको माध्यमवाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित दुवै विधिको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो ।

नमूना छनौटमा परेको सामुदायिक विद्यालयको प्राथमिक तह अन्तर्गत कक्षा ५मा  अध्यापन गराइने विषयहरु यस प्रकार छन् :

**तालिका नं. १**

| क.सं. | विषय | कक्षाः- ५ | |
|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क |
| १. | नेपाली | ८ | १०० |
| २. | अङ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ६ | १०० |
| ४. | सामाजिक अध्ययन | ५ | ७५ |
| ५. | सिर्जनात्मक कला | ३ | २५ |
| ६. | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ४ | ५० |
| ८. | स्थानीय विषय/मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

स्रोत : प्राथमिक शिक्षा पाठ्यक्रम, २०६४

नमूना छनौटमा परेको संस्थागत विद्यालयको प्राथमिक तह अन्तर्गत कक्षा ५मा अध्यापन गराइने विषयहरु यस प्रकार छन् :-

**तालिका नं. २**

| S.N. | Subject | Class : 5 |
|---|---|---|
| | | F.M. |
| 1. | English-I (Lotus Engloish) | 100 |
| 2. | English-II (Grammar) | 50 |
| 3. | Nepali-I (United Nepali) | 100 |
| 4. | Nepali-II (प्रारम्भिक नेपाली) | 50 |
| 5. | Maths in action | 100 |
| 6. | Science | 100 |
| 7. | Social Studes | 100 |
| 8. | G.K. | 50 |
| 9. | Computer | 50 |
| | Total | 700 |

स्रोत : स्थलगत अध्ययन, २०६८

नमूना छनौटमा परेको सामुदायिक प्राथमिक विद्यालयमा नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन, सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र स्थानीय विषय/मातृभाषा अध्यापन गर्ने गरेको पाइयो भने संस्थागत प्राथमिक विद्यालयमा English-I (Lotus Engloish), English-II (Grammar), Nepali-I (United Nepali), Nepali-II (प्रारम्भिक नेपाली), Maths in action, Science, Social Studes, G.K. र Computer विषयहरु अध्यापन गर्ने गरेको पाइयो ।

## ४.१ सामुदायिक र संस्थागत विद्यालयले अपनाएको मूल्याङ्कन प्रक्रिया

अध्ययन क्षेत्रमा नमूनाका लागि लिइएको सामुदायिक विद्यालयतर्फ श्री जोरपाटी मा.वि.र संस्थागत विद्यालयतर्फ गोल्डेन फ्यूचर उ.मा.वि. ले मूल्याङ्कन प्रणालीलाई कसरी अपनाएका छन् र त्यसकालागि के-कस्ता साधनहरुलाई प्रयोगमा ल्याएका छन् भन्ने सन्दर्भमा प्राप्त तथ्याङ्कहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने र त्यसको प्रभावकारीता पहिचान गर्न विभिन्न प्रकारले मूल्याङ्कनका सामग्रीहरु प्रयोग गरी प्राप्त नतिजालाई व्यवस्थित गर्ने मुख्य जिम्मेवारी सम्वन्धित विषय शिक्षकलाई नै दिइएको पाइयो । कक्षाकोठाको शैक्षणिक गतिविधिका साथै मूल्याङ्कन र त्यसलाई अभिलेखित गर्ने एवं प्राप्त नतिजाको आधारमा विद्यार्थीलाई पृष्ठपोषण दिने कार्यमा समेत शिक्षक स्वयं सक्रिय भएको अध्ययनले देखाएको छ ।

अध्ययनका सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षण-सिकाइ क्रियाकलापको अध्ययन, अवलोकन एवं विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल र शिक्षकहरुसँग पूर्व निर्धारित प्रश्नावलीका आधारमा उनीहरुले अपनाउँदै आएको मूल्याङ्कन प्रक्रियाका वारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो । जसबाट ती विद्यालयले प्रयोगमा ल्याएका मूल्याङ्कनका विधि, सामग्री र अभिलेखित गर्ने प्रणाली लगायत विद्यालयमा अपनाइएको मूल्याङ्कन प्रक्रिया निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारका रहेको देखिन्छ । नमूनाका रुपमा लिइएका विद्यालयहरुले

निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी वनाउन विविध  साधनहरु विभिन्न समयमा अपनाउने गरेको पाइयो ।

### ४.१.१ अवलोकन

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइन्छ । विद्यार्थीका व्यवहार, आचरण र प्रवृत्तिहरुको अध्ययन गर्न ती विद्यालयहरुले यसलाई सवैभन्दा वढी प्रयोग गरेको देखियो । कक्षाकोठा भित्र वा वाहिर विद्यार्थीका गतिविधिहरुको अवलोकन गर्ने र त्यसकै आधारमा विद्यार्थीप्रतिको धारणा निर्माण गर्ने कार्यलाई दुवै विद्यालयहरुले भरपर्दो साधनको रुपमा लिइएको पाइयो ।

### ४.१.२ कक्षाकार्य

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले  प्रयोगमा ल्याएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापप्रतिको लगावको तत्काल मूल्याङ्कन गर्न यो साधनको प्रयोग गरिएको पाइयो । कक्षाकोठाका शैक्षणिक गतिविधिप्रति विद्यार्थीले कत्तिको रुची राखे, कक्षा शिक्षणका लागि निर्धारित विशिष्ट उद्देश्य प्राप्त हुन सक्यो वा सकेन, कक्षाकोठामा शिक्षकले गरेको प्रस्तुतीकरण कति प्रभावकारी भयो र विद्यार्थीहरुले त्यस सम्वन्धी अवधारणको विकास ठीकसँग गर्न सके वा सकेनन् भन्ने पक्षका साथै विद्यार्थीको सम्बन्धित विषयमा रहेको सैद्धान्तिक ज्ञान पहिचान गर्न विषय शिक्षकले कक्षाकार्यलाई प्रमुख मूल्याङ्कनको साधनको रुपमा प्रयोग गरेको पाइयो ।

### ४.१.३ गृहकार्य

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइयो । विद्यार्थीहरुले के-कसरी सिकाइ उपलव्धी हासिल गरिरहेका छन् भनी विद्यालयमा पढाएको विषयसँग सम्वन्धित कार्य समाधान गरेर ल्याउन गृहकार्य दिने गरेको पाइयो । विद्यार्थी मूल्याङ्कनका लागि गृहकार्य दिने तरिका र त्यसको निरीक्षण गर्ने प्रक्रियाका वीचमा भने सामुदायिक र संस्थागत विद्यालयमा ठूलो अन्तर देखिएको छ । सामुदायिक विद्यालयका शिक्षकले सम्वन्धित

पाठ्यपुस्तकमा दिइएका अभ्यासबाट मात्र गृहकार्य दिने गरेको देखियो भने संस्थागत विद्यालयका शिक्षकहरुले सम्बन्धित पाठ्यपुस्तकमा दिइएका अभ्यासका अतिरिक्त अन्य सन्दर्भसामग्रीको सहयोगमा सृजनात्मक प्रकृतिका गृहकार्यहरु समेत दिने गरेको देखियो । गृहकार्यको निरीक्षण गर्दा सामुदायिक विद्यालयमा कालोपाटीको प्रयोग गरेर एकसाथ गृहकार्य आफै परीक्षण गर्न विद्यार्थीलाई लगाइँदो रहेछ, जहाँकी संस्थागत विद्यालयका शिक्षकले भने हरेक विद्यार्थीका अभ्यास पुस्तिकाहरु निरीक्षण गर्ने गरेको पाइयो ।

### ४.१.४ एकाइ परीक्षा

मूल्याङ्कनको यो साधन सामुदायिक र सस्थागत दुवै विद्यालयले आंशिक रुपमा मात्रै प्रयोगमा ल्याएको पाइयो । हरेक एकाइमा निर्धारित सिकाइ उपलव्धी हासिल भए नभएको मूल्याङ्कन गर्ने उद्देश्यका साथ यो साधनको प्रयोग गर्नुपर्ने भए पनि यसको कार्यान्वयनलाई दुवै विद्यालयका शिक्षकहरुले त्यती बढी आवश्यक नठान्ने गरेको व्यवहारमा देखियो । यद्यपी एकाइ परीक्षा आवश्यक रहेको र त्यो प्रयोग पनि गरिरहेको कुरा भने अन्तरवार्ताको क्रममा दुवै प्रकारका विद्यालयका शिक्षकहरुले बताए ।

### ४.१.५ मासिक परीक्षा

मूल्याङ्कनको यो साधन खासगरी संस्थागत विद्यालयमा प्रयोगमा ल्याएको पाइयो । सामुदायिक विद्यालयले आफ्नो विद्यालयीय शैक्षिककार्य तालिका वा वार्षिक कार्ययोजनामा मासिक परीक्षाको व्यवस्था गरेको पाइएन । संस्थागत विद्यालयले व्यवस्थित र एकरुपतापूर्वक नभए पनि समय तालिका मिलाएर सम्वन्धित विषय शिक्षकलाई मासिक परीक्षा लिने निर्देशन गरेको अध्ययनमा देखियो । मासिक रुपमा विद्यार्थीको समग्र सिकाइ उपलव्धी कति भयो भनी मूल्याङ्कन गर्न मासिक परीक्षालाई मूल्याङ्कनका साधनको रुपमा प्रयोगमा ल्याउनुपर्ने आवश्यकता राज्यको शैक्षिक नीति कार्यक्रमले निर्देशन गरेको छ ।

### ४.१.६ त्रैमासिक परीक्षा

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइयो । त्रैमासिक रुपमा विद्यार्थीको समग्र सिकाइ उपलव्धी कस्तो भयो भनी मूल्याङ्कन गर्न अपनाइने यो साधनलाई संस्थागत तथा सामुदायिक विद्यालयले पहिलो, दोस्रो र तेस्रो त्रैमासिक परीक्षाको रुपमा प्रयोग गरी विद्यार्थीहरुको मूल्याङ्कन गर्ने गरेको पाइयो ।

### ४.१.७ अवस्था अध्ययन

मूल्याङ्कनको यो साधन संस्थागत विद्यालयमा फाटफुट प्रयोगमा ल्याएको पाइयो । विशेष विद्यार्थीमा देखिएका विशेष लक्षण, आचरण र अवस्थाहरुको कारण पत्ता लगाउन अपनाइने यो साधनको प्रयोग सम्बन्धी ज्ञानको कमिका कारण यो साधनको प्रभावकारी कार्यान्वयनमा समस्या रहेको शिक्षकहरुले बताए ।

### ४.१.८ श्रेणी मापन

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइयो । कक्षा कार्य, गृहकार्य, विषयवस्तुप्रतिको गम्भीरता र विभिन्न परीक्षाहरुमा प्राप्त विद्यार्थी मूल्याङ्कनलाई तुलनात्मक अध्ययन गरी विद्यार्थीको प्रगति विवरण तयार पार्ने उद्देश्यका साथ यो साधन प्रयोगमा ल्याइएको भएपनि त्यसका लागि निश्चित मापदण्ड सहितको ढाँचा विकास गर्न नसकिएको हुनाले यसलाई व्यवस्थित ढंगले अभिलेखित गर्न नसकेको स्थिति  देखियो ।

### ४.१.९ डायरी अध्ययन

मूल्याङ्कनको यो साधन संस्थागत विद्यालयमा फाटफुट प्रयोगमा ल्याइएको पाइयो । विद्यार्थीका सम्पूर्ण गतिविधि र दैनिक व्यवहारको अध्ययन गर्न अपनाइने यो साधनलाई व्यवस्थि गर्न विद्यालयको कार्यभारका कारण कठीन भएकोले खास प्रकारका अवस्थाहरुमा मात्र  विद्यार्थीमाथि प्रयोग गर्ने गरेको देखियो ।

### ४.१.१० संचित अभिलेख

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइयो । यद्यपी उनीहरुले तयार पार्ने संचित अभिलेख र अर्धवार्षिक परीक्षाको प्राप्ताङ्क उल्लेख गरेको मार्कलेजरमा वढी सीमित देखियो । विद्यार्थीका सम्पूर्ण गतिविधि र अवस्थालाई अभिलेख गर्न प्रयोग गरिने यो साधनलाई निर्माणात्मक मूल्याङ्कनको आधार भन्दा पनि निर्णयात्मक मूल्याङ्कनको आधारका रुपमा लिने गरेको पाइयो ।

नमूना विद्यालयहरुले विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन गर्दा वर्षभरिका सम्पूर्ण गतिविधिको समष्टिगत पक्षलाई पनि ध्यान दिनु पर्ने र आन्तरिक मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन गर्दा केही प्रतिशत अङ्कभार दिने मूल्याङ्कनको नयाँ अवधारणा कार्यान्वयनमा आइरहेको हुँदा यसलाई निर्माणात्मक मूल्याङ्कनका साथै निर्णयात्मक मूल्याङ्कनका रुपमा समेत लिनुपर्ने देखियो ।

### ४.१.११ वार्षिक परीक्षा

मूल्याङ्कनको यो साधन सामुदायिक र संस्थागत दुवै विद्यालयले प्रयोगमा ल्याएको पाइयो । विद्यार्थी अर्को कक्षामा जान योग्य छ वा छैन भनी निर्णय लिन अपनाइने यो परीक्षा सरकारी पाठ्यक्रम र पाठ्यपुस्तक अनुसार सामुदायिक र संस्थागत विद्यालयको लागि तयार गरेको प्रश्नपत्र भने फरक-फरक हुने गरेको पाइयो । वार्षिक परीक्षा लिंदा ६०% अङ्क भारमा लिइएता पनि निर्णयात्मक मूल्याङ्कन गर्दा प्रथम त्रैमासिक परीक्षाको १०% र दोस्रो त्रैमासिक परीक्षाको ३०% अङ्क भारलाई जोडी जम्मा १००% मा तुलना गर्ने गरी उत्तीर्ण तथा अनुत्तीर्ण छुट्याउने गर्ने गरेको पाइयो ।

## ४.२ मूल्याङ्कनका साधनहरुको निर्माण र प्रयोग

विज्ञहरुले शैक्षिक मूल्याङ्कनका सन्दर्भमा विभिन्न सामग्रीहरुको प्रयोग गर्नुपर्ने वताएका छन् । नेपालमा गरिएको विभिन्न अनुसन्धानात्मक प्रविवेदनहरुले समेत त्यस कुरामा जोड दिएको पाइयो । नेपाल सरकारले विद्यार्थी मूल्याङ्का

सन्दर्भमा जे-जति साधनलाई प्रयोग गरेर नियमित मूल्याङ्कनमा जोड दिएको भए पनि अध्ययनको क्रममा त्यस अनुरुपको मूल्याङ्कन प्रक्रिया अवलम्वन गरिंदैन ।

सामुदायिक तथा निजी क्षेत्रवाट सञ्चालित संस्थागत विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल तथा शिक्षकहरुलाई ती मूल्याङ्कनका साधनहरुवारे जानकारी भने रहेको पाइयो । दुवै प्रकारका विद्यालयहरुमा सङ्कलित तथ्याङ्कले निम्नानुसारका पक्षहरुको मूल्याङ्कन गर्न यस प्रकारका साधनहरु प्रयोग गर्नुपर्दछ भन्ने समान धारणा राखेको पाइयो ।

### ४.२.१ मूल्याङ्कनका साधनहरुको निर्माण

संस्थागत विद्यालयले संचित अभिलेख, घटनावृत्त अभिलेख, अवस्था अध्ययन (Case Study), श्रेणी मापन (Rating Scale), रुजु सूची (check list), डायरी अध्ययन, अवलोकन, गृहकार्य, कक्षाकार्य, एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा, वार्षिक परीक्षाका साथै अतिरिक्त क्रियाकलापलाई समेत मूल्याङ्कनका साधनको रुपमा प्रयोग गरिएको पाइयो । सामुदायिक विद्यालयमा भने अवलोकन, गृहकार्य, कक्षाकार्य, त्रैमासिक परीक्षा, वार्षिक परीक्षा तथा संचित अभिलेख एवं अतिरिक्त क्रियाकलापलाई मूल्याङ्कनका साधनको रुपमा प्रयोग गरेको पाइयो । सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा उल्लेख गरिएका सम्वन्धित पाठ र विषयका सिकाइ उपलब्धिको आधारमा प्रश्नहरु निर्माण गर्ने गरेको पाइयो । कतिपय शिक्षकहरुले दैनिक पाठयोजना निर्माण गर्ने र त्यसमा उल्लेखित विशिष्ठ उद्देश्यको आधारमा प्रश्नावली निर्माण गरी विद्यार्थी मूल्याङ्कनमा प्रयोग गर्ने गरेको पाइयो ।

सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा पाठ्यक्रम निर्देशिकामा उल्लेख गरिएका सम्वन्धित पाठ र विषयको सिकाइ उपलव्धीको आधारमा निर्माण गरिएका प्रश्नावलीलाई कक्षाकार्यको रुपमा, गृहकार्यको रुपमा र अन्य एकाइ, मासिक वा त्रैमासिक परीक्षाको रुपमा प्रयोग गरी विद्यार्थीहरुको सिकाइ उपलव्धिहरुको परीक्षण गर्ने गरेको पाइयो ।

सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजालाई अभिलेखित गर्न मूख्यतः संचित अभिलेख, मार्क लेजर/मार्क सिटको प्रयोग गरिएको रहेछ । संस्थागत विद्यालयले त्यसका अतिरिक्त रिपोर्टकार्ड समेत प्रयोगमा ल्याएको पाइयो ।

### ४.२.२ मूल्याङ्कनका साधनहरुको प्रयोग

सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी मूल्याङ्कनका लागि विभिन्न प्रक्रियाहरु अपनाउने गरेको देखिन्छ । शिक्षण-सिकाइमा सहभागिता,कक्षाकोठामा मौखिक प्रश्न सोधेर, गृहकार्यका लागि पाठयोजना अनुसारका लेखन/पठन कार्य दिएर र विद्यार्थीको कक्षाकोठा भित्र र वाहिरका गतिविधिको अवलोकन गरेर मूल्याङ्कन गर्ने प्रक्रिया दुवै प्रकारका विद्यालयमा अपनाएको पाइयो ।

सम्बन्धित एकाइको अध्यापन पश्चात् कक्षाकोठामा लिखित वा मौखिक परीक्षा लिएर र पहिलो, दोस्रो तथा तेस्रो ३/३ महिनाको अध्यापन पछि कक्षाकोठामा लिखित परीक्षा लिएर विद्यार्थीको मूल्याङ्कन गर्ने प्रक्रिया संस्थागत विद्यालयले अपनाउँदा रहेछन् । सामुदायिक विद्यालयले भने निश्चित क्षेत्रका विद्यालयहरुले सामूहिक रुपमा प्रश्नपत्रको निर्माण गरी त्रैमासिक परीक्षाको रुपमा मूल्याङ्कन प्रक्रिया अपनाएको देखियो ।

### ४.२.३ मूल्याङ्कनको व्यवस्थापन

कक्षाकोठामा विषय शिक्षकले नियमित मूल्याङ्कन आफ्नो रुचि र सुविधा अनुसार सञ्चालन गर्ने भए पनि संस्थागत विद्यालयका प्रिन्सिपलले मासिक, त्रैमासिक र वार्षिक परीक्षाको व्यवस्थापकीय भूमिका निर्वाह गर्दा रहेछन् । सामुदायिक विद्यालयका प्रधानाध्यापकले भने पहिलो तथा दोस्रो त्रैमासिक र वार्षिक परीक्षाको व्यवस्थापकीय भूमिका निर्वाह गरेको पाइयो ।

विद्यालयमा कक्षा-शिक्षणको क्रममा प्राप्त विद्यार्थी मूल्याङ्कनको नतिजालाई व्यवस्थित गर्न विभिन्न तरिकाहरु अपनाउने गरेको पाइयो । विद्यार्थीको व्यक्तिगत फाइलमा टिपोट गरेर, सिकाइ उपलब्धिलाई बेग्लावेग्लै चार्टमा अंकित गरेर, निश्चित प्रकारको मूल्याङ्कनको परिणामलाई व्यवस्थित गर्ने प्रक्रिया दुवै प्रकारका

विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गरिएको पाइएन । त्यहाँ कुनै खास विद्यार्थीका खास गतिविधि भए कक्षा शिक्षक, तह प्रमुख वा प्रधानाध्यापकलाई रिपोटिङ गर्ने र अरु अवस्थामा शिक्षक स्वयंले स्मरणमा राखेर विद्यार्थीहरुको मूल्याङ्कन गर्ने गरेको पाइयो ।

अतः दुवै प्रकारका विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल तथा शिक्षकहरुले विद्यार्थीको प्रभावकारी मूल्याङ्कनका लागि सिफारिस गरिएका सम्पूर्ण साधनहरु प्रयोगमा ल्याउनु पर्ने आवश्यकता औंलाए पनि अध्ययनको क्रममा ती विद्यालयहरुले थोरै मात्र साधनको प्रयोग गर्ने गरेको उल्लेखित तथ्याङ्कहरुले देखाएका छन् । त्यस किसिमका मूल्याङ्कनका साधनहरुको प्रयोग र व्यवस्थापनमा विद्यालयको एउटा पक्ष विषय शिक्षक मात्र संलग्न हुने गरेको देखियो । विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा मासिक, त्रैमासिक र वार्षिक परीक्षाको संयोजनकारी भूमिका भने ती विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपलहरुले निर्वाह गर्नु भएको देखिन्छ तर प्रयोगमा ल्याएको भनिएको संचित अभिलेखमा मुख्यतयाः मासिक, त्रैमासिक र वार्षिक परीक्षामा प्राप्त प्राप्ताङ्क मात्र उल्लेख गरिएको पाइयो ।

## ४.३ सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कनका समानता र भिन्नता

यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुले संस्थागत र सामुदायिक विद्यालयको मूल्याङ्कन प्रक्रियाको वीचमा रहेका समानता र भिन्नताहरुलाई पहिचान गर्न सहज बनाएका छन् । यी दुवै प्रकारका विद्यालयहरुमा प्राप्त अवस्थालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### ४.३.१ मूल्याङ्कनगत समानता

विद्यार्थीको व्यवहार, आचरण र प्रवृत्तिको मूल्याङ्कन गर्न अवलोकनलाई प्रभावकारी साधनको रुपमा प्रयोग गर्ने, दैनिक सिकाइ उपलब्धी के-कति मात्रामा प्राप्त भयो भनी हेर्नका लागि गृहकार्यलाई साधनको रुपमा प्रयोग गर्ने, शिक्षण सिकाइ प्रतिको लगाव पहिचान गर्न कक्षाकार्यलाई मूल्याङ्कनको साधन वनाउने, अभ्यास र स्मरणको अवस्था पत्ता लगाउन त्रैमासिक परीक्षालाई साधनको रुपमा अपनाउने र समग्रमा पूरा शैक्षिक-सत्र भरिका कक्षागत सिकाइ उपलब्धिको

मूल्याङ्कन गर्न वार्षिक परीक्षालाई मूल्याङ्कनको साधनको रुपमा प्रयोग गर्ने गरेको पाइयो । अन्तिम मूल्याङ्कन गर्दा प्रथम त्रैमासिक परीक्षाको १० प्रतिशत, दोस्रो त्रैमासिक परीक्षाको ३० प्रतिशत र वार्षिक परीक्षाको ६० प्रतिशतमा मूल्याङ्कन गरी अन्तिम मूल्याङ्कन १०० प्रतिशतसँग तुलना गरेर उत्तीर्ण वा अनुत्तीर्ण छुट्याएर निर्णय लिने मूल्याङ्कनगत समानता संस्थागत र सामुदायिक दुवै विद्यालयहरुका वीचमा रहेको अध्ययनका तथ्याङ्कहरुबाट देखियो ।

### ४.३.२ मूल्याङ्कनगत भिन्नता

संस्थागत विद्यालयमा हरेक एकाइका लागि निर्धारित सिकाइ उपलब्धी के-कति मात्रामा प्राप्त भएका छन् भनी हेर्न एकाइ परीक्षा र विद्यार्थीको अभ्यास र स्मरणको अवस्था पत्ता लगाउन मासिक परीक्षालाई साधनको रुपमा प्रयोग गर्ने गरिएको देखियो, जुन सामुदायिक विद्यालयमा प्रयोगमा आएको देखिएन । सामुदायिक विद्यालयको मूल्याङ्कन प्रक्रियासँग असमानता राख्ने अन्य पक्षहरुमा विशेष विद्यार्थीको विशेष अवस्था पहिचान गर्न घटनावृत्त अभिलेख, विशेष विद्यार्थीमा देखिने विशेष लक्षण, आचरण र अवस्थाहरुको कारणको अनुगमन र निरीक्षण गर्ने अवस्था अध्ययन तथा विद्यार्थीका दैनिक व्यवहार र सिकाइ उपलब्धिको मापन गर्न डायरी तथा रिपोर्ट कार्डको प्रयोग हुने गरेको पाइयो । त्यस्तै गरी प्राथमिक तहको तहगत उद्देश्यहरु राष्ट्रले एकै किसिमको निर्धारण गरेता पनि संस्थागत विद्यालयहरुमा अध्यापन गराइने केही विषयहरु सामुदायिक विद्यालयको भन्दा फरक पाइयो भने संस्थागत विद्यालयमा कूल ७०० पूर्णाङ्कमा र सामुदायिक विद्यालयमा भने कूल ६०० पूर्णाङ्कमा अन्तिम मूल्याङ्कन गरिने परिपाटी रहेको यथार्थता स्थलगत अध्ययनबाट प्रष्ट भयो । अन्तिम मूल्याङ्कन गर्दा सामुदायिक विद्यालयमा उत्तीर्ण हुन ३२% र संस्थागत विद्यालयमा उत्तीर्ण हुन ४०% अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था रहेको पाइयो ।

## ४.४ मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु समाधानका उपायहरु

मूल्याङ्कन प्रक्रियालाई सिकाइमूखि वनाउन अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुले वर्तमान अध्ययन र अध्यापन शैली, परिवेश र उद्देश्यमा समेत परिवर्तन र परिमार्जनको आवश्यकता देखाउँछन् । मूल्याङ्कनले मात्र विद्यार्थीहरु

सिकाइ उपलव्धी हाँसिल गर्न सक्षम नहुने भएकोले शिक्षाको नीति, सिकाइ उपलव्धी निर्धारण, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र शिक्षण सिकाइ क्रियाकलापमा समग्र पक्षहरुलाई परिमार्जन गरेर मूल्याङ्कन प्रक्रियाको प्रभावकारिता वढाउन सकिने तथ्याङ्कहरुले देखाउछन् ।

सिकाइलाई व्यवहारमुखि स्वरुपमा ढाल्ने प्रक्रियाको विकास गरी कार्यान्वयनका प्रभावकारी संयन्त्रको निर्माण गर्नु पर्ने अवस्था रहेछ । विद्यार्थीका घर र विद्यालयमा पनि एउटै मनोवैज्ञानिक र सामाजिक अध्ययनको वातावरण गर्नुका साथै विद्यालयमा विद्यार्थीहरुको अनुपातमा शिक्षकको व्यवस्था गरी अन्तरक्रियात्मक शैक्षिक कार्यक्रम चलाउनु आवश्यक देखिन्छ । आधारभूत शैक्षिक सामग्री र भौतिक पूर्वाधारको निर्माण र प्रयोगको उपयुक्त वातावरण निर्माण गर्न नियमित मूल्याङ्कनका साधनहरुको प्रयोगमा प्रभावकारिताका लागि तालिमको व्यवस्था हुनुपर्ने अवस्था छ । थोरै समयावधी भित्रको बन्द प्रकृतिको परीक्षा प्रणाली मात्र नभै खुल्ला परीक्षा प्रणाली र प्रस्तुतीकरण प्रक्रिया अपनाएर पनि विद्यमान समस्याको समाधान खोज्न सकिन्छ । सिकाइ उपलव्धिहरुलाई अझ विशिष्टीकरण गरी हाल निर्धारित संख्यालाई कम गरेर ती उपलव्धीहरु हाँसिल हुन सक्ने वातावरण निर्माण गर्नुका साथै शिक्षकलाई आफ्नो पेशागत सुरक्षाको अनुभुति दिलाउने तथा शिक्षकलाई पेशा प्रति जवाफदेही वनाउने कार्य गर्न सक्नुपर्ने  अवस्था विद्यमान छ । यसको साथै सामुदायिक र संस्थागत प्राथमिक विद्यालयहरुमा समान पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरी प्रत्येक विषय शिक्षकहरुलाई शिक्षक निर्देशिकाको व्यवस्था गरेर र समय-समयमा मूल्याङ्कन गर्ने तरिकाहरुको वारेमा तालिम प्रदान गर्न सकेको खण्डमा मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरुको समाधान गर्न सकिन्छ ।

# परिच्छेद - पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन विषयक यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरुलाई अध्ययनको शैद्धान्तिक खाकासँग सम्बन्धित गराई निम्न अनुसारका प्राप्ति, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्तिहरु

यस अध्ययनको क्रममा अपनाइएका विभिन्न चरण,प्रक्रिया र प्राप्त तथ्याङ्कहरुको आधारमा निम्नलिखित प्राप्तिहरु हासिल भएका छन् :

- सामुदायिक तथा संस्थागत दुवै विद्यालयहरुमा वार्षिक कार्यतालिका निर्माण गरी शैक्षणिक क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो ।

- सामुदायिक विद्यालयमा अधिकांश विषय शिक्षकहरुले लिखित दैनिक पाठयोजनाको निर्माणविना नै शिक्षण गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयका प्रायः विषय शिक्षकहरुले भने पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो ।

- सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थी केन्द्रित शिक्षण विधिको तुलनामा शिक्षक केन्द्रित शिक्षण विधिको बढी मात्रामा प्रयोग गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयका विषय शिक्षकहरुले शिक्षक केन्द्रित विधिको तुलनामा विद्यार्थी केन्द्रित विधिको बढी प्रयोग गर्ने गरेको पाइयो ।

- सामुदायिक प्राथमिक विद्यालयमा कूल ६०० पूर्णाङ्कमा विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन गरिने परिपाटी रहेको पाइयो भने

संस्थागत प्राथमिक विद्यालयमा कूल ७०० पूर्णाङ्कमा विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन गरिने परिपाटी रहेको पाइयो ।

- दुवै सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा प्रथम त्रैमासिक परीक्षामा १०%, द्वितीय त्रैमासिक परीक्षा ३०% र अन्तिम परीक्षामा ६०% गरी जम्मा १००% अङ्कभार रहने गरी विद्यार्थीहरुको मूल्याङ्कन गरिने व्यवस्था रहेको पाइयो ।

- संस्थागत विद्यालयतर्फ १००% मा उत्तीर्ण हुन ४०% प्राप्ताङ्क आवश्यक रहेको पाइयो भने सामुदायिक विद्यालय तर्फ ३२% प्राप्ताङ्कमा उत्तीर्ण हुने व्यवस्था रहेको पाइयो ।

- सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा अध्यापन गराइने विषयहरुमध्ये केही विषयमा समानता रहेता पनि तुलनात्मक रुपमा भने भिन्नता पाइयो ।

- दुवै प्रकारका विद्यालयहरुमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी मूल्याङ्कनका साधनहरु निर्माण तथा प्रयोग गरी प्राप्त नतिजालाई व्यवस्थित गर्ने काम भने विषय शिक्षकहरुलाई नै जिम्मा दिने गरेको पाइयो ।

- दुवै प्रकारका विद्यालयहरुमा निर्माणात्मक र निर्णयात्मक गरी दुई प्रकारको मूल्याङ्कन गरिने व्यवस्था रहेको पाइयो ।

- सामुदायिक तथा संस्थागत दुवै विद्यालयले अवलोकन, कक्षा कार्य, गृहकार्य, त्रैमासिक परीक्षा, श्रेणी मापन, सञ्चित अभिलेख, वार्षिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्ने गरेको पाइयो ।

- संस्थागत विद्यालयहरुमा एकाइ परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा सञ्चालन हुने गरेको पाइयो भने सामुदायिक विद्यालयमा यस किसिमका परीक्षाहरु नभएको पाइयो ।

- संस्थागत विद्यालयहरुमा अवस्था अध्ययन, डायरी अध्ययन, रुजु सूची जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्ने गरेको पाइयो, जुन सामुदायिक विद्यालयहरुमा प्रयोग गर्ने गरेको पाइएन ।
- समग्रमा दुवै सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा निरन्तर मूल्याङ्कन प्रभावकारी रुपमा सञ्चालन नभएको पाइयो ।
- प्राथमिक तहको तहगत उद्देश्यहरु समान भएता पनि पाठ्यपुस्तक तथा मूल्याङ्कन गरिने परिपाटीमा भने केही असमानता पाइयो ।
- सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थी बीचको अनुपात नमिल्नाले विद्यार्थी मूल्याङ्कनमा समस्या रहेको पाइयो ।
- दुवै प्रकारका विद्यालयहरुमा विद्यार्थीहरुले हाँसिल गरेको उपलब्धिहरुलाई दैनिक रुपमा व्यवस्थित गर्न नसकेको पाइयो ।
- सामुदायिक विद्यालयमा बढी मात्रामा परम्परागत मूल्याङ्कन प्रणाली अपनाउने गरेको पाइयो ।
- दुवै प्रकारका विद्यालयहरुमा परीक्षा बाहेक मूल्याङ्कनका अन्य साधनहरु केही मात्रामा प्रयोगमा आएको भएता पनि जति मात्रामा विद्यार्थी मूल्याङ्कनको क्रममा प्रयोगमा आउनु पर्ने हो, त्यती मात्रामा प्रयोगमा नआएको पाइयो ।

## ५.२ निष्कर्षहरु

सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणाली एक तुलनात्मक अध्ययन माथि गरिएको यस अध्ययनवाट यी दुई विद्यालयले अपनाउँदै आएको मूल्याङ्कन प्रक्रिया सम्वन्धी अध्ययनको तथ्याङ्कहरुवाट निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छ ।

नेपालमा संस्थागत र सामुदायिक गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा रहेता पनि ती विद्यालयका हरेक तह, कक्षा र विषयका लागि

निर्धारित गरिएको तहगत, कक्षागत र विषयगत उद्देश्यहरु र अध्ययनको क्रममा अबलम्वन गरिएको सैद्धान्तिक खाकाका बीचमा कुनै असमानता छैन । दुवै प्रकारका विद्यालय एउटै शैक्षिक उद्देश्य हाँसिल गर्ने अभिप्रायका साथ सञ्चालनमा ल्याइएको छ र तिनीहरुलाई सन्दर्भ सामग्री वा पाठ्यवस्तु, शैक्षिक कार्यक्रमको समग्र लगानी, शैक्षिक प्रक्रिया, उपलव्धी मोडल अनुसार नै व्यवस्थित गरिएको छ । तसर्थ अध्ययनबाट समेत शिक्षाको एउटै राष्ट्रिय उद्देश्य र एकै प्रकारका सिकाइ उपलव्धी हाँसिल गर्ने उद्देश्यका साथ सञ्चालित यी विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइ उपलव्धी पहिचान गर्नका लागि प्रयोगमा ल्याइएको मूल्याङ्कन प्रक्रिया सम्वन्धी सरकारी नीति एकै प्रकारको रहेको देखिन्छ ।

सरकारी विद्यालयमा विद्यार्थी संख्या संस्थागतको तुलनामा ठूलो रहेको, विद्यालय प्रशासन चुस्त वन्न नसकेको, विद्यार्थी संख्याको आधारमा शिक्षक अनुपात र अत्यावश्यक भौतिक पूर्वाधारको विकास गर्न नसकिएको, शिक्षकहरुमा जिम्मेवारी वोध, अपेक्षा गरिए अनुसार हुन नसकेको र विद्यालयको शैक्षिक क्रियाकलापको अनुगनम गर्ने जिम्मेवार निकायवाट नियमित रुपले अनुगमन गरी शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका निर्वाह हुन नसकेका कारण सामुदायिक विद्यालयमा सम्वन्धित सरकारी नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको पाइयो ।

निजी अथवा संस्थागत विद्यालयहरुको व्यवस्थापन चुस्त पाइए पनि विद्यालयमा पर्याप्त भौतिक एवं शैक्षिक पूर्वाधारको विकास हुन सकेको देखिएन । निजी विद्यालयका शिक्षकहरुले पर्याप्त मात्रामा तालिमको सुविधा प्राप्त गर्न सकेको पनि पाइएन । विद्यालयको भौतिक कार्यकलापको अनुगमन गर्ने निकायले निजी विद्यालयले आफ्नो कार्य क्षेत्र भित्र नसमेटेको अनुभूति विद्यालय प्रशासन र शिक्षकहरुले गरिरहेको अवस्था देखियो । सरकारी नीति जे-जस्तो भएता पनि आफ्नो विद्यालयका विद्यार्थीहरुको शैक्षिकस्तर अन्य विद्यालयको तुलनामा राम्रो हुनु पर्छ भन्ने भावना विद्यालय प्रशासनमा देखियो । यद्यपी बढी पाठ्यभारका कारण

आफूहरुले शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त तयारी गर्न नसकेको गुनासो कार्यरत शिक्षकहरुबाट व्यक्त भएको पाइयो ।

विद्यालयको प्रशासनिक व्यवस्थापन र विद्यार्थी संख्याको घनत्वमा रहेको केही असमानताले संस्थागत विद्यालयहरु दैनिक पठन पाठनको क्रममा सबै विद्यार्थीमा ध्यान पुयाउनुका साथै विद्यार्थीहरुको नियमित मूल्याङ्कन(मुख्यतःप्रश्न उत्तर र तत्कालै कक्षाकोठामा अभ्यासका लागि दिइएका कार्यहरु कुन विद्यार्थीले के कसरी गर्न सके वा सकेनन् भन्ने कुरा हेर्न तथा सबै विद्यार्थीहरुलाई दिइएको गृहकार्य निरीक्षण)गर्न सक्षम भएको पाइयो ।संस्थागत विद्यालयमा विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजाको जानकारी विद्यार्थी र अभिभावकले सहजै प्राप्त गरुन् भन्ने उद्देश्यले प्रगति विवरण (रिपोर्ट कार्ड) को व्यवस्था गरेको देखियो । संस्थागत विद्यालयका शिक्षकले हरेक विद्यार्थीलाई दिइएको कक्षा कार्य एव गृहकार्यको निरीक्षण गर्ने र सोही अभ्यास पुस्तिकामा गल्तिहरु सच्याएर अङ्क पनि दिने गरेकाले विद्यार्थीहरुले राम्रो पृष्ठपोषण प्राप्त गर्न सक्ने देखियो ।

सामुदायिक विद्यालयमा आवश्यक भौतिक पूर्वाधारको अभाव, शिक्षण सामग्रीको अभाव र नियमित रुपमा विद्यार्थीहरुको न्यून उपस्थितीलाई समेत सम्वोधन गर्नुपर्ने अवस्था देखिन्छ । संस्थागत विद्यालयमा न्यून पारिश्रमिक, पेशागत असुरक्षा र वढी कक्षा भारका कारण शिक्षकहरुले शैक्षिक सत्रको अन्त्य सम्म वा लामो समयसम्म एउटै विद्यालयमा शिक्षण गरिरहने सम्भावना कम रहन्छ । विद्यालयको वातावरण राम्रो भएर मात्र प्रभावकारी मूल्याङ्कन हुन नसक्ने अवस्था रहेकाले विद्यार्थीको पारिवारिक वातावरण पनि शिक्षण सिकाइ अनुकूलको वनाउन आवश्यक देखिएको छ ।

## ५.३ सुझावहरु

सामुदायिक तथा संस्थगत प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रणालीको विषयमा केन्द्रित भएर गरिएको यस शोध कार्यमा प्राप्त तथ्याङ्क एवं सोको विश्लेषण तथा निष्कर्षको आधारमा मूल्याङ्कन प्रकृयालाई प्रभावकारी र व्यावहारिक वनाउन निम्न लिखित सुझावहरु प्रस्तुत गर्न सकिन्छ :

- सामुदायिक तथा संस्थागत विद्यालयकका शिक्षहरुले अनिवार्य रुपमा लिखित दैनिक पाठयोजना निर्माण गरेर मात्र शिक्षण गर्नुपर्ने ।
- सामुदायिक तथा संस्थागत विद्यालयकका शिक्षकहरुले शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी नवीनतम शिक्षण विधिहरुको समेत उपयोग गर्नुपर्ने ।
- सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा अन्तिम विद्यार्थी मूल्याङ्कन गर्दा समान पूर्णाङ्कमा गर्नुपर्ने ।
- दुवै प्रकारका विद्यालयहरुमा उत्तीर्णाङ्क प्रतिशत समान लागू गरी प्राथमिक तहको विद्यार्थी मूल्याङ्कनमा एकरुपता ल्याउनु पर्ने ।
- दुवै प्रकारका विद्यालयहरुमा समान प्रकारको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने शैक्षिक नीति वनाउनुपर्ने ।
- दुवै प्रकारका विद्यालयका शिक्षकहरुमा मूल्याङ्कनका साधनहरुको निर्माण र प्रयोगको सम्वन्धमा आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने ।
- दुवै प्रकारका विद्यालयहरुमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साथै निदानात्मक मूल्याङ्कन गर्ने व्यवस्था समेत लागू गर्नुपर्ने ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा परीक्षा बाहेक मूल्याङ्कनका अन्य साधनहरुको प्रभावकारी रुपमा प्रयोग गर्नुपर्ने ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रकृयालाई प्रभावकारी रुपमा कर्यान्वयन गर्नुपर्ने ।

- दुवै प्रकारका विद्यालयहरुमा विद्यार्थीहरुले हाँसिल गरेको उपलब्धिलाई दैनिक रुपमा व्यवस्थित गरी रेकर्डमा राख्नुपर्ने ।
- दुवै प्रकारका विद्यालयहरुमा परम्परागत विद्यार्थी मूल्याङ्कन प्रकृया भन्दा आधुनिक एवं नवीनतम विद्यार्थी मूल्याङ्कन अपनाउनुपर्ने ।
- दुवै प्रकारका विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रकृयाको वारेमा अनुगमन गर्ने जिम्मेवार निकायबाट नियमित रुपमा अनुगमन गरी आवश्यकता अनुसार सल्लाह तथा सुझावहरु प्रदान गर्नुपर्ने ।
- सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थीको अनुपात मिल्ने गरी सरकारी स्तरबाट आवश्यकता अनुसार शिक्षकको ब्यवस्था गर्नु पर्ने ।
- दुवै विद्यालयमा गरिने विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजाको जानकारी जतिसक्दो छिटो अभिभावक समक्ष पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने ।
- सामुदायिक विद्यालयका शिक्षकहरुले प्रत्येक विद्यार्थीहरुको नियमित रुपमा गृहकार्य परीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुपर्ने ।
- संस्थागत विद्यालयका शिक्षक शिक्षिकाहरुको पेशागत सुरक्षाको अनुभूति दिलाउन सम्बन्धित पक्षले प्रभावकारी नीति तथा कार्यक्रम ल्याउनु पर्ने ।

## सन्दर्भसूची


कट्टेल, बालचन्द्र (२०६२), *नेपालमा शिक्षा विकास,* सुर्खेत क्याम्पस ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौं : सनलाइट पब्लिकेशन ।

ज.ब.रा., स्वयम्प्रकाश, तथा अन्य (२०५८), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जनक शिक्षा सामग्री केन्द्रः *ऐच्छिक द्वितीय शिक्षा,* कक्षा ९ ।

पाठ्यक्रम विकास केन्द्र (२०४९), *प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

प्राथमिक पाठ्यक्रम कार्यान्वयन (२०४९), *प्रधानाध्यापक तालिम पुस्तिका,* भक्तपुर : शिक्षा विभाग ।

पोखरेल, विमला (२०६७), *माध्यमिक तहको सामाजिक अध्ययन विषयमा मूल्याङ्न प्रणालीको वर्तमान स्थिति ।*

बर्मा, रामपाल सिंह (१९७६), *शैक्षिक मूल्याङ्कन,* आगरा : विनोद पुस्तक मन्दिर ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६५), *प्राथमिक तहमा निरन्तर मूल्याङ्न प्रणाली उदार कक्षोन्नति व्यवस्थाको कार्यान्वयन अवस्था ।*

मल्ल, कोमलवदन र साथीहरु (२०५७), *प्रारम्भिक बालविकासको सिद्धान्त,* काठमाडौं : डीनको कार्यालय शिक्षाशास्त्र संकाय कीर्तिपुर ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९), काठमाडौंः शिक्षा मन्त्रालय ।

शर्मा, दण्डपाणि (२०६५/२०६६), *अध्यापन अनुमतिपत्र दिग्दर्शन माध्यामिक तह,* काठमाडौँ, नेपाल : प्रज्ञा प्रकाशन प्रा.लि. ।

शिक्षा ऐन *(२०२८), एक्सप्रेस कुरियर एण्ड कार्गी सर्भिस प्रा.लि. पुतलिसडमक, काठमाडौँ ।*

शिक्षा विभाग (२०५६), *सबैको लागि शिक्षा (२००४-२००९),* भक्तपुर, सानोठिमी : मुख्य दस्तावेज ।

शैक्षिक गन्तव्य काभ्रे (२०६५) जिल्ला शिक्षा कार्यालय कभ्रेपलाञ्चोक ।

सिंह, गणेश (२०५४), *मूल्याङ्कन परिचय,* काठमाडौं : एजुकेशन सपोर्ट सेन्टर ।

सेरिड (२०५७), *विकासका निम्ति शिक्षा,* त्रिभुवन विश्वविद्यालय, काठमाडौँ : सेरिड ।

CERID (1998), *Evaluation System in the Primary School of Nepal: A Study Report*. Author

Print, Murray(1993): *Curriculum development and design*. Allemn and Unwin.

## अनुसूची - एक

## शिक्षकहरुसँगको अन्तवार्ताका प्रश्नावलीहरु

१. आफ्नो अध्यापनको क्रममा मूल्याङ्कन प्रक्रियामा के कस्ता परिवर्तनहरु आए ?

..................................................................................................

२. तपाईले विद्यार्थीको मूल्याङ्कन गर्न कुन-कुन विधि र साधनको प्रयोग गर्नुहुन्छ ?

..................................................................................................

३. मूल्याङ्कनका लागि प्रश्नपत्रको निर्माण कसरी गर्नुहुन्छ ?

..................................................................................................

४. विद्यार्थी मूल्याङ्कनको क्रममा परीक्षा वाहेक मूल्याङ्कनका अन्य साधनहरुको प्रयोग गर्ने गर्नु भएको छ ?

..................................................................................................

५. मूल्याङ्कन गरेर कसरी अङ्क प्रदान गर्नुहुन्छ ?

..................................................................................................

६. विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

..................................................................................................

७. विद्यार्थीहरुको आवधिक मूल्याङ्कनको लागि के-कस्ता साधनहरुको उपयोग गर्ने गर्नु भएको छ ?

..................................................................................................

८. विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

..........................................................................................

९. मूल्याङ्कन प्रक्रियालाई सिकाइमूखी वनाउन के-कस्ता प्रयत्नहरु ऋगाडि वढाउन सकिएला ?

..........................................................................................

१०. विद्यार्थीलाई कुन-कुन अवस्थामा के-कसरी पृष्ठपोषण दिने गर्नु भएको छ ?

..........................................................................................

## अनुसूची - दुई

## विद्यालयमा विद्यार्थी मूल्याङ्कन अवलोकन फारम

विद्यालयको नाम : ............................................................

ठेगानाः............................................................................

विद्यार्थी मूल्याङ्कनका लागि कुन-कुन साधनहरु विद्यालयले प्रयोगमा ल्याएको रहेछ ।

| मूल्याङ्कनका साधनहरु | प्रयोगमा छ/छैन | कुन कुराको मूल्यङ्कनका लागि प्रयोमा ल्याइएको छ |
|---|---|---|
| संचित अभिलेख<br>घटनावृत अभिलेख<br>अवस्था अध्ययन<br>श्रेणी मापन<br>रुजु सुची<br>डायरी अध्ययन<br>अवलोकन<br>गृहकार्य<br>कक्षा कार्य<br>एकाई परीक्षा<br>मासिक परीक्षा<br>त्रैमासिक परीक्षा<br>वार्षिक परीक्षा<br>अन्य | | |

## अनुसूची - तीन

## प्रधानाध्यापकसँगको अन्तवार्ताको प्रश्नावली

१. आफ्नो अध्यापनको क्रममा मूल्याङ्कनको प्रक्रियामा के-कस्ता परिवर्तन आए ?

.........................................................................................

२. तपाईले विद्यार्थीको मूल्याङ्कन गर्न कुन-कुन विधि साधनको प्रयोग गर्नु भएको छ ?

.........................................................................................

३. विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

.........................................................................................

४. विद्यार्थीहरुको आवधिक मूल्याङ्कनको लागि के-कस्ता साधनहरुको उपयोग गर्ने गर्नु भएको छ ?

.........................................................................................

५. विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

.........................................................................................

६. विद्यार्थी मूल्याङ्कनलाई कसरी अभिलेखित गर्ने गर्नु भएको छ ?

.........................................................................................

७. विद्यार्थीको प्रगतिवारे अभिभावकलाई कसरी जानकारी दिने गर्नु भएको छ ?

.........................................................................................

## अनुसूची - चार

## विद्यार्थीहरुको लागि प्रश्नावली

१. शिक्षकहरुले नियमित गृहकार्य दिने गर्नुभएको छ ?

.....................................................................................

२. शिक्षकहरुले दिएको गृहकार्य गर्ने गरेको छ वा छैन ?

.....................................................................................

३. शिक्षकहरुले गृहकार्य निरीक्षण गर्ने गर्नु भएको छ ?

.....................................................................................

४. शिक्षकहरुले प्रत्येक एकाइको परीक्षा लिने गर्नु भएको छ ?

.....................................................................................

५. शिक्षकहरुले साप्ताहिक तथा मासिक परीक्षा लिने गर्नु भएको छ ?

.....................................................................................

६. शिक्षकहरुले परीक्षाको नतिजा कति समय पश्चात दिने गर्नु भएको छ ?

.....................................................................................

७. शिक्षणको क्रममा शिक्षकले प्रश्नहरु सोधी विद्यार्थीहरुवाट उत्तर नआएममा पुनःविषयवस्तुको वारेमा वताइदिने गर्नु भएको छ ?

.....................................................................................

## अनुसूची - पाँच

## कक्षागत/विषयगत विद्यार्थी मूल्याङ्कन अवलोकन फारम

विद्यालयको नाम :.......................................................

विषयको शिक्षकको नाम :....................................................

विषय:...........................................................................

१. **कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापसँगै विषय/कक्षा शिक्षकले कसरी विद्यार्थी मूल्याङ्कन गर्दा रहेछन् ।**

| पाठ | पाठको उद्देश्य | कार्यकलापको समय | प्रयोग गरेका शिक्षण विधि | प्रयोग भएका मूल्याङ्कन का साधन | प्रयोगको पटक | प्राप्त भएको नतिजा | नतिजाको प्रयोग पृष्ठपोषण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. **शिक्षकले कक्षा शिक्षण पछि प्राप्त मूल्याङ्कन नतिजालाई कसरी व्यवस्थित गर्दा रहेछन् ।**

| विद्यार्थीको व्यक्तिगत फाइलममा टिपोट गरेर | सिकाइ उपलब्धी अङ्कन गर्दा बेग्ला बेग्लै चार्टमा विद्यार्थीको उपलव्धी अङ्कित गरेर | निश्चित प्रकारको मार्कसिटमा अङ्क दिएर | डायरी भरेर | कक्षा शिक्षक, तह प्रमुख वा प्रधानाध्यापकलाई रिपोर्ट गरेर | आफ्नै स्मरणमा राखेर | वेवास्ता गरेर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३. नियमित मूल्याङ्कन

| शिक्षकको प्रतिक्रिया आवश्यक छ/ प्रयोग भएको छैन | आवश्यक छ/ प्रयोग भएको छ। | आवश्यक छैन। | औपचारिकताको लागि मात्र | त्रैमासिक र वार्षिक परीक्षा लिए हुन्छ। |
|---|---|---|---|---|
| | | | | |